लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha National Weekly

## चुनावी खर्च कहालीलाग्दो

काठमाडौं । केही समयअघि सम्पन्न स्थानीय तहदेखि केन्द्रीय निर्वाचनमा सरकारदेखि उम्मेदवार र उनका शुभचिन्तकहरुले गरेको खर्च खबौं रुपियाँमा देखिएको छ । निर्वाचन पर्यवेक्षण समिति नेपालले गरेको एक अध्ययनले स्थानीय तहमा भएको निर्वाचनको लागि सरकारकातर्फबाट १८ अर्ब ४६ करोड र उम्मेदवारहरु र उनीहरुका शुभेच्छुकहरुसमेतबाट ५० अर्ब ९६ करोड गरी ६९ अर्ब ४२ करोड खर्च भएको उल्लेख छ ।

उक्त निर्वाचनमा प्रति मतदाता चार हजार नौ सय २३ रुपियाँ खर्च हुन गएको अध्ययनबाट देखिएको छ । औसतमा प्रति उम्मेदवार नगरपालिका प्रमुखले १७ लाख ३८ हजार छ सय ७३, उपप्रमुखले १३ लाख, ८७ हजार दुई सय ६६, गाउँपालिका अध्यक्षले १७ लाख नौ हजार तीन सय ५५ र उपाध्यक्षले आठ लाख २३ हजार तीन सय रुपियाँ खर्च गरेको प्रतिवेदनबाट देखिएको छ । यसैगरी, वडा अध्यक्षले छ लाख २६ हजार नौ सय नौ र वडा सदस्यले एक लाख ५० हजार रुपियाँ खर्च गरेको देखिएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

वर्ष १२, अंक १, २०७५ साउन ४ गते शुक्रबार (July 20, 2018) मूल्य रु. १०/- मू.अ.क.नं.३०४९७३८१५

website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

# लत्रिँदै ओली सरकार

काठमाडौं । दुईतिहाइ बहुमतसहितको स्थिर सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको वर्तमान शक्तिशाली सरकार एकदमै कमजोर अवस्थामा पुगेको छ । इतिहासमै सबैभन्दा शक्तिशाली सरकारको रुपमा मानिएको वर्तमान सरकार आफ्नै कारण एकदमै कमजोर देखिन थालेको छ । शक्तिशाली मानिएको ओलीको सरकार अहिले लत्रिदैं गएको देखिन थालिएको छ । ठूलाठूला कुरा गर्ने सरकार सामान्य कुरामा समेत गलेर लत्रक्क हुनुपर्ने अवस्थामा पुगेको छ । लत्रिने बानी परिसकेको सरकार अब अनसनरत डा. गोविन्द के.सी.का मागहरुलाई लिएर फेरि पनि लत्रिने अवस्थामा पुग्ने देखिएको छ । आक्रामक रुपमा आएको सरकार यतिबेला रक्षात्मक अवस्थामा पुगेको छ ।

जुम्लामा अनशनमा बसेका डा. के.सी.सँग कुनै हालतमा पनि नझुक्ने अडानमा रहेको ओली नेतृत्वको सरकारले उनको मागलाई सम्बोधन गर्ने भनी झुक्ने अवस्था आएको देखिन्छ । डा. के.सी. नेपाल सरकारकै कर्मचारी भएको तथा कानून बनाउने निकाय संसद मात्र रहेको



भन्दै आएको सरकार आफ्ना अडानलाई थाँती राखेर के.सी.सँग झुक्ने अवस्थामा पुगेको छ । यसअघि गंगामाया अधिकारीसँग झुकिसकेको सरकारले डा. के.सी.का जायज मागलाई सम्बोधन गरेका खण्डमा त्यसले मुलुकको हित नै गर्ने बताइन्छ । चिकित्साशास्त्र विधेयकमा फरक अडानका कारण के.सी. प्रकरणमा झुक्नुको विकल्प सरकारका सामु नरहेको बताइएको छ । कम्युनिष्ट सरकारले जनपक्षीय चिकित्सा नीति लिन नसकेको गुनासो बढिरहेको तथा सोही कारण कम्युनिष्टप्रति जनसमर्थन गुम्दै जान थालेका कारण पनि सरकार लत्रिने अवस्थामा पुगेको हो ।

वर्तमान सरकार अत्रिने मामिलाामा बानी परिसकेको अवस्था छ । यसअघि सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले नेतृत्व गरेको मन्त्रालय परिसरमा मंगलबार अस्थायी र करारका कर्मचारीहरुले सरकारको नीतिको विरोधमा प्रदर्शनी गरका थिए । अन्ततः सोही दिन मुख्यसचिव लोकदर्शन रेग्मीले अस्थायी कर्मचारीका नेताहरुलाई आफ्नो कार्यकक्षमा बोलाएर उनीहरुका माग पूरा गर्ने आश्वासन दिएका थिए । सोही आश्वासनपछि सिंहदरबारभित्रको कर्मचारीको आन्दोलन तीन महिनाका लागि रोकिएको छ । सरकारले नयाँ आर्थिक वर्षको शुरुको दिन अर्थात साउन १ गतेदेखि सिंहदरबारलाई अस्थायी कर्मचारीमुक्त बनाउने निर्णय गरेको विरोधमा कर्मचारीहरु उत्रिएपछि सरकार आफ्नो निर्णयबाट पछि हट्न बाध्य भएको हो । अस्थायी, करार र ज्यालादारीका कर्मचारीहरु करिब ३२ हजार रहेको तथा काठमाडौंमा मात्रै १३ हजारको हाराहारीमा उनीहरु रहेको अनुमान छ । उता, स्वेच्छिक अवकाशमा कर्मचारीलाई नपठाउने अडान लिएका सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित अहिले कर्मचारीसँग पूर्णतः गलिसकेको अवस्था छ ।

यसैगरी ओली सरकार विकास निर्माणका आयोजनाहरु ठेक्कामा लिएर काम नगर्ने ठेकेदारहरुलाई कारबाही गर्ने भन्दै त्यस्ता निर्माणव्यवसायीहरुको नाम

(बाँकी अन्तिम पृष्ठमा)

## करोडौंका गाडीमा मन्त्रीहरु मस्त

काठमाडौं । प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले आर्थिक मितव्ययिता र भ्रष्टाचारमा शून्य सहनशीलताको कुरा गरिरहँदा उनकै मन्त्रीहरुले भने करोडौं रुपियाँका महंगा गाडीहरु चढी मस्ती गरिहेको पाइएको छ । मन्त्रिपरिषदका अधिकांश सदस्यहरु दुई करोड रुपियाँ मूल्यका गाडी चढ्ने गरिरहेको पाइएको हो । इन्धन पनि विदेशबाटै आयात गर्नुपर्ने बाध्यता छ । यस्तो अवस्थामा आम नेपाली जनतालाई हेरेर मध्यमस्तरको गाडीहरु चढे पुग्नेमा अधिकांश मन्त्रीहरु



करोड रुपियाँभन्दा महंगा गाडीमा हुइँकिने गरेका छन् । साइकलमन्त्रीका रुपमा परिचय बनाएका लालबाबु पण्डित समेत अहिले एक करोडको गाडीमा सवार हुने गरेको बताइएको छ ।

दुई करोड रुपियाँ मूल्य पर्ने गाडी

(बाँकी अन्तिम पृष्ठमा)

## अर्थ मन्त्रालयमा इतिहासकै गाईजात्रा

काठमाडौं । आर्थिक वर्षको अन्त्यतिर (असार अन्तिम) अर्थमन्त्रालयको बजेट महाशाखामा सडकका योजना प्रमुखदेखि डिभिजन प्रमुखहरुको भीड लागेको समाचार छ । गाईजात्रा आउने समय बाँकी हुँदै अर्थमन्त्रालयमा लागेको भीडलाई इतिहासकै गाईजात्रा भनिएको छ ।

हाल अर्थमन्त्रालयको बजेट महाशाखामा सहसचिव निर्मलहरि अधिकारी प्रमुख छन् भने तीर्थ चिलवाल उपसचिव र मनोज रेग्मी शाखा अधिकृतको रुपमा कार्यरत रहेका छन् । प्रधानमन्त्री खड्गप्रसाद शर्मा शर्मा ओलीको विकास र सम्वृद्धि हासिल गर्न विश्वासले काम गर्नुपर्ने अवस्थामा उपसचिव चिलवाल र शाखा अधिकृत रेग्मीले बजेट माग्न आउनेहरुलाई विश्वास नगर्ने, प्रतिवद्धता माग्ने लगायतका अन्टसन्ट कुरा गरेर सताउने र दुःख दिने गरेको समाचार स्रोतले बताएको छ ।

अर्थमन्त्रालयको बजेट महाशाखामा बसेर वीलभर्पाइ समेत हेर्ने गरेका चिलवाल र रेग्मीले 'बार्गेनिङ्ग' मा रकम निकास दिने गरेको र सडकका डिभिजन प्रमुखहरुलाई फलानो ठाउँको बाटो पीच तथा ग्राभेल गरिदेऊ भनेर विगतमा राष्ट्रिय योजना आयोगका कर्मचारीहरुले

(बाँकी अन्तिम पृष्ठमा)

## काँग्रेसमा देउवा र पौडेलबीच फेरि किचलो

काठमाडौं । नेपाली काँग्रेसमा हेटौंडा भेलापछि मत्थर भएको आन्तरिक किचलो र गुटको राजनीति फेरि तीव्र बनेको छ । आफू अबदेखि सच्चिने बताएका सभापति देउवा नसच्चिएपछि र पुरानै स्वेच्छाचारी ढंगले अगाडि बढेपछि



देउवालाई काउन्टर दिन वरिष्ठ नेता रामचन्द्र पौडेल र नेता कृष्णप्रसाद सिटौला समूहका केन्द्रीय सदस्यहरुले गत असार ३२ गते गोप्य भेला बोलाएका थिए ।

गत असार ५ देखि ८ सम्म भएको जिल्ला सभापतिहरुको भेलामा गुटगत राजनीति गर्न छाडेर समग्र काँग्रेसलाई एक ढिक्का बनाउने नेतृत्वलाई दबाब दिइएको थियो । हेटौंडा भेलापछि सभापति देउवा र वरिष्ठ नेता पौडेल मिलेको चर्चा बाहिर आएको थियो । आगामी भदौमा हुने भनिएको महासमितिको बैठक विधान मस्यौदा समिति गठन नहुँदा पछाडि धकेलिने सम्भावना रहेको छ र देउवाले पनि सकेसम्म महासमिति बैठक टार्ने

(बाँकी अन्तिम पृष्ठमा)

## दाहाल कार्यकारी निर्देशकमा नियुक्त

काठमाडौं । नेपाली काँग्रेसले पार्टीको केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको



कार्यकारी निर्देशकमा वरिष्ठ पत्रकार तथा राजनीतिक विश्लेषक पुरुषोत्तम दाहाललाई

(बाँकी अन्तिम पृष्ठमा)

## काँग्रेसलाई बढार्न खोज्दा ओली संकटमा

काठमाडौं । बहुमतको दम्भ र शक्तिको घमण्डले ग्रसित प्रधानमन्त्री केपी शर्मा ओली राज्यको सबै अङ्ग-प्रत्यङ्गबाट काँग्रेसलाई बढार्ने र पेलेरै जाने मानसिकतामा रहेका छन् । हरेक हप्ता विवादास्पद निर्णयहरु गर्ने र अन्टसन्ट अभिव्यक्ति दिएर प्रधानमन्त्री ओलीले सुशासन र समृद्धिको ढोल पिट्दै आइरहेका छन् । महँगीले ढाड सेकिएका जनतालाई रेल, पानीजहाज र घरघरमा ग्याँसका पाइप ल्याइदिने मीठो सपनाले लठ्ठ पारेपछि बहुमत दिएर ओलीलाई प्रधानमन्त्री बनाइदिएका थिए । अहिले तिनै जनता महँगीको मारले सुस्केरा हाल्न नसक्ने अवस्थामा छन् । जुम्लामा अनशन बस्न पुगेका चिकित्सक डा. गोविन्द केसीप्रति निर्दयी बनेर १५ हजार बोतलको पानी पिउँदै मेडिकल माफियाहरुको संरक्षणमा जुटेका छन् । डा. केसीको अनशनमा समर्थन गर्नेलाई काँग्रेसको भूत ठानेर लाठी प्रहार गर्दै आनन्द मानिरहेका छन् ।

आफूलाई कानुनभन्दा माथि सम्झने प्रधानमन्त्री ओलीले गाउँदेखि केन्द्रसम्म वामपन्थी सरकार, २०७६ सालभित्र भूकम्प पुनर्निर्माण सम्पन्न, पाँच वर्षमा उपत्यकाको चक्रपथमा रेल, नेपाली

(बाँकी अन्तिम पृष्ठमा)

## सचिव र डीजी हटाउने खेलमा मन्त्री महासेठ

काठमाडौं । भौतिक पूवाधार तथा यातायात मन्त्री रघुवीर महासेठ प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको टाउकोमा दोष थुपार्ने अभियानमा लागेका छन् । मन्त्रालयका सचिव मधुसूदन अधिकारी सडक विभागका महानिर्देशक अनन्त आचार्यलाई भाँजो हालेर काम गर्न नदिई काम गर्न नसकेको आरोप लगाउने रणनीतिमा लागेको जानकारहरूले बताएका छन् । सचिव र डीजीद्वय प्रधानमन्त्रीको निर्देशन अनुसार चलेपछि मन्त्री महासेठको सपना चौपट्ट बनेको छ जबकि मन्त्री महासेठले सचिव र डिजीद्वयलाई आफ्नो 'एस म्यान' बनाएर ठूलो आर्थिक चलखेल गर्ने सोच बनाएका थिए ।

मन्त्री महासेठले 'तपाईंका मान्छेले कामै गर्न सकेनन्' भनेर बालुवाटारमा समाचार पठाउने र सकेसम्म सचिव र डिजीद्वयलाई असफल पार्ने खेलमा जुटेको समाचार सूत्रले जानकारी दिएको छ । विगतमा मन्त्री र सचिवबाट प्रशस्त फाइदा लिएका कर्मचारीहरू पनि सचिव अधिकारीलाई हटाएर मन्त्रीको स्वार्थ पूरा गर्ने सचिवको खोजीमा सक्रिय रहेको बतइएको छ । मन्त्रालय र विभागका रैथानेहरूले सचिव देवेन्द्र कार्कीलाई नै ल्याउन चलखेलमा जुटेको सम्बद्ध स्रोतले बताएको छ । मन्त्री महासेठले चाहेर पनि सचिव सरुवा गर्ने अवस्था नरहेको समाचार स्रोतले जानकारी दिएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## यो हप्ता तीन सचिवको अवकाश

काठमाडौं । निजामती सेवामा विशिष्ट श्रेणी मानिने सचिवहरुको संख्या हाल झण्डै छ दर्जन रहेको छ । मन्त्रालयहरुलाई गाभेर एउटै बनाइँदा पनि सचिवहरुको व्यवस्थापन हुन सकेको छौंन । अहिले गाभिएका मन्त्रालयहरुमा साविकमा काम गर्दै आएका सचिवहरुलाई नै जिम्मेवारी दिइएको छ । सचिवहरुको भीडमा कृष्णराज बीसीले गत असार ४ गते देखि जिम्मेवारी पाएका छैनन् । सचिव बीसीलाई खानेपानी मन्त्री बीना मगरले स्वार्थ पूरा नभएपछि हटाएको जानकारहरुले बताएका छन् । सचिव बीसी पनि कागको फूल चोर्ने मध्येमा गनिन्छन् ।

यसैबीच गत श्रावण १ गतेदेखि सामान्य प्रशासन सचिव शंकर कोइराला अवकाश भएका छन् । कसैको दबाबमा काम नगर्ने सचिव कोइराला निजामती प्रशासनमा हक्की स्वभावका मानिन्छन् । यसैगरी आगामी श्रावण ६ गते पूर्व अर्थ तथा हाल उपराष्ट्रपति कार्यालयका सचिव शंकरप्रसाद अधिकारीको अनिवार्य

(बाँकी अन्तिम पृष्ठमा)

## ओली नेतृत्वको सरकारका हावादारी निर्णय

काठमाडौं । कम्युनिस्ट नेतृत्वको सरकारले पाँच महिना पूरा गरेको छ । तीन चौथाइको शक्तिशाली कम्युनिस्ट सरकारले पाँच महिनाको अवधिमा मतदातालाई समेत निराशा बनाएको जानकारहरुले बताएका छन् । ३३ किलो सुनकाण्डमा ठूलो माछा समाउने बताएको सरकारले भुरा माछा समातेर अनुसन्धान नै स्थगित गरेको छ । यातायात क्षेत्रमा हावी भएको सिन्डिकेट ओझेलमा परेको छ भने कामचोर ठेकेदारहरुलाई गर्ने भनिएको कारवाही कागजमा सीमित बनेको छ । त्यस्तै, एनजिओ र आइएनजिओमा संलग्न व्यक्तिहरुको सम्पत्ति छानबिन सरकारकै निर्देशनमा तुहिएको चर्चा चलेको छ ।

आकाशिँदो मूल्यवृद्धिको चपेटमा परेर आक्रान्त बनेका उपभोक्ताहरुलाई राहत दिन गर्ने भनिएको बजारअनुगमन निस्क्रिय पारेर मन्त्री कालाबजारिया र बिचौलियाको प्रभाव परेको पीडितहरुले गुनासो गरेका छन् ।

सरकार मार्सी चामलको स्वादमा

(बाँकी अन्तिम पृष्ठमा)

## टेलिकममा कामिनी झनै शक्तिशाली

काठमाडौं । नेपाल टेलिकमकी प्रबन्ध निर्देशक कामिनी राजभण्डारी खुला प्रतिस्पर्धाबाट तीन वर्षका लागि नेतृत्वमा पुगेपछि पछिल्लो चरणमा झनै शक्तिशाली बन्न पुगेकी छिन् ।



नेपाल टेलिकममा इतिहास रच्दै नेतृत्वमा पुग्न सफल राजभण्डारीलाई कार्यकाल पूरा गर्न नपाउँदै हटाउने अभियानमा टेलिकमकै उच्चपदस्थ व्यक्तिहरू लागे पनि त्यसले सफलता पाएन ।

प्रबन्ध निर्देशक राजभण्डारीको सोझो र भद्रपनको फाइदा उठाएर टेलिकमभित्रका खुरापातिहरूले हटाउनका लागि व्यापक चलखेल गरेका थिए । राजनीतिक आस्थाका आधारमा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बास्कोटा र सचिव महेन्द्र गुरुङ्ले स्पष्टिकरण समेत सोधी हटाउने निर्णयमा पुगेका थिए । राजभण्डारीको शक्ति र पहुँचका कारण

(बाँकी अन्तिम पृष्ठमा)

## अस्पतालमा सबै सेवा ठप्प

काठमाडौं । नेपाल चिकित्सक संघले डा. गोविन्द के.सी.को जीवनरक्षाका लागि सरकारलाई दबाब दिन हिजो विहीबार देशभरका स्वास्थ्य संस्थामा आकस्मिक (ईमरजेन्सी) बाहेकका सेवा ठप्प पारेपछि विरामीहरुलाई मार्का परेको छ । चिकित्सा शिक्षा सुधारका माग सहित २० दिनदेखि अनशनरत डा. के.सी.को स्वास्थ्य स्थिति नाजुक बनेको र उनको जीवनरक्षाका निम्ति सरकार गम्भीर नबनेको भन्दै संघले स्वास्थ्य संस्था ठप्प पार्ने निर्णय गरेको हो । संघले विहीवार एक दिनका लागि देशभरका सरकारी र निजी अस्पताल, सबै शिक्षण अस्पताल, नर्सिङ होम र क्लिनिकसमेत ठप्प पार्ने निर्णय

(बाँकी अन्तिम पृष्ठमा)

## ओलीको सेखी झार्न दाहाललाई निम्तो

काठमाडौं । भावी प्रधानमन्त्रीका रुपमा चर्चा गरिएका नेकपा अध्यक्ष पुष्पकमल दाहाललाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत भ्रमणको निम्तो दिएको समाचार स्रोतले जानकारी दिएको छ । गत असार ३ गते श्रीमती सीता दाहालको उपचार गर्न सिंगापुर गएका, अध्यक्ष दाहाल असार १७ गते स्वदेश फर्किएपछि सार्वजनिक कार्यक्रममा विगतमा भन्दा कम देखिने र बोल्ने गरेको छन् । बजेटप्रति असन्तुष्ट



देखिएका अध्यक्ष दाहाल प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको कार्यशैलीप्रति असन्तुष्ट बनेको राजनीतिक वृत्तमा चर्चा चलेको छ ।

राजनीतिमा अस्थिर स्वभावका रुपमा चिनिने गरेका दाहालको भारत भ्रमणलाई अर्थपूर्ण रुपमा हेरिएको छ । नेपालका कम्युनिष्टहरुलाई समर्थन गरेर भारतले गल्ती गरेको बहस चलेको बेला भारतीय प्रधामन्त्री नरेन्द्र मोदीले अध्यक्ष दाहाललाई भ्रमणको निम्तो दिनु सत्ता परिवर्तनको अर्थ लगाइएको छ । नेपालमा दक्षिण एशियाकै शक्तिशाली कम्युनिष्ट शासनको नेतृत्व गरेका प्रधानमन्त्री ओलीले ट्र्याक छाडेर जथाभावी गर्न थालेपछि भारत सशंकित बनेको र ओलीको सेखी झार्न दाहाललाई भ्रमणको निम्तो आएको हुनसक्ने

(बाँकी अन्तिम पृष्ठमा)

# बिपी : विचार र व्यवहार

नेपाली राजनीतिका आधुनिक भाष्यकार बिपी कोइरालाको पार्थिव अवशान भएको ३६ वर्ष पुगेको छ। तर उनले नेपालका सन्दर्भमा गरेको राजनीतिक भाष्यको सान्दर्भिकता थपिँदै गएको छ। कतिपयलाई बिपीको टिप्पणी गरेको देख्नासाथ काँग्रेसजस्तो भान पर्छ तर बिपी नेपाली राजनीतिक विचारको महासमुद्रमा सर्वमान्य भएका अवस्था छ। उनलाई अराष्ट्रिय तत्व भनेर निरन्तर प्रहार गर्ने पुराना दरवारिया, पञ्च र तत्कालीन मण्डलेसमेतले आफूलाई उनको उत्तराधिकारी दाबी गरिरहेका छन्। २००७ देखि विदेशी दलाल घोषणा गर्दै राजनीतिक रथ हाँकिरहेका नेपालका साम्यवादीले पनि बिपीलाई आदर्श मानेकोबताइरहेका छन्। आजभोलि पुष्पकमल दाहाल र कमल थापाबाटप्रकट हुने विचार यसका प्रमाण हुन्। यो पंक्तिकार कुनै दलको सदस्य छैन। यसैलेदलबारे टिप्पणी गर्नुपर्दा कसैको पक्षपोषण गरिरहनुपर्दैन। तर दलका नेताको योगदान, उनीहरूका विचार, राजनीतिक दलको इतिहास, उसले लिएका आदर्श, सिद्धान्त, कार्यक्रम र रणनीति उल्लेख गर्नुपर्दा भने विवेक गुमाउनुहुँदैन। पंक्तिकार नागरिकको स्वतन्त्र,सर्वोच्च सार्वभौमसत्ताको पक्षपाती हो। त्यसैले नागरिक स्वतन्त्रताभन्दा माथि हुने आक्रमणस्वीकार्य हुँदैन। जसले विगतमा नागरिकको स्वतन्त्र सर्वोच्च सार्वभौमिकता स्थापित गर्न योगदान दिए तिनको निरन्तर प्रशंसा गर्न पनि चुक्दैन। इतिहास र प्रयोगको धरातललाई पूर्वाग्रहको चश्माले हेरियो भने त्यो गलतमात्र हुँदैन, विवेकबिहीन पनि हुन्छ। साम्यवादी नेतृत्वको सरकार पाँच महिना नपुग्दै मानव अधिकारका मूल्यप्रति निरपेक्ष हुँदै गएको देखिन्छ भने नागरिकलाई एक्लो देख्ने रोगबाटग्रस्त हुँदैछ।

वि.सं. २००७, २०४६, २०६३ का आन्दोलनको नायकत्व नेपाली काँग्रेसले गरेको र २०७२ मा नेपाली काँग्रेसको नेतृत्वमा संविधान जारी भयो भन्नु भ्रम हुन्छ र रु यसलाई उल्लेख गर्नुको अर्थ काँग्रेसको सदस्य भन्नेप्रमाणित हुन्छरु यिनको उत्तरमा भन्न सकिन्छ- भ्रम होइन र प्रमाणित पनि हुँदैन। जसले परिवर्तनको नायकत्व गर्दै अभिव्यक्तिस्वतन्त्रताको ढोका खोल्यो, उसैलाई धारेहात लगाएर सराप्ने प्रचलन अविकसित समाजको यथार्थता हो। हामी पनि यसबाटमुक्त छैनौँ। मेरो लेखबारे प्रतिक्रिया दिनेलेमलाई काँग्रेसको कार्यकर्ता बुझेका देख्दा अचम्म लाग्दैन किनकि मानिस आफ्नो सूचनाको सीमा र ज्ञानको आकारभन्दा पर जान सक्दैन। लोकतन्त्रको अवधारणासँग असहमतहरूदेखि नेपाली काँग्रेसको नामै सुन्न नचाहने र लोकतान्त्रिक नायकहरूको पहिलो अक्षरसमेत सुन्न नचाहनेका लागि शायद पृथक विचारले पीडा थोपर्छ। नेपाली काँग्रेसले परिवर्तनको नायकत्व गरे पनि त्यसको उचित व्यवस्थापन गर्ने कला उसमा भएन। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति र समाजको मनोविज्ञान त्यसको नेतृत्वले बुझ्न सकेन। नेपाली काँग्रेस, यसका नेता र सदस्यलोकतन्त्रवादी भए तर उनीहरूलोकतान्त्रिक आचरण र संस्कृति निर्माण गर्न असफल भएकै हुन्। समयसमयमा कतिपय नीति निर्माण र अन्तर्राष्ट्रिय सम्बन्धमा नेपाली काँग्रेस रणनीतिकरूपले चुकेको देखिन्छ। २००७ को परिवर्तनपछि २०७५ सम्मयसले २०१६ र २०१७ सालको १८ महिनासमेत १६ वर्ष शासनको अवसर पायो। २०६३ पछिको परिवर्तनपछि पनि३ वर्ष यस्तो अवसर पायो। बिपीको नेतृत्वको सरकारले बसाएको परिवर्तन र विकासको जगमा आजको आधुनिक नेपालका तला थपिँदै छन्। यस्तो इतिहाससिद्ध र प्रमाणित विषय उल्लेख गर्न काँग्रेसको सदस्य भइरहनु पर्दैन। साम्यवादी नेतृत्वको सरकार पाँच महिना नपुग्दै मानव अधिकारका मूल्यप्रति निरपेक्ष हुँदै गएको देखिन्छ भने नागरिकलाई एक्लो देख्ने रोगबाटग्रस्त हुँदैछ।

यो पंक्तिकार यसबेला काँग्रेससँगको सम्बन्धबारे केही स्पष्ट गर्नु उपयुक्त ठान्छ। २०३१ सालमा ९ कक्षा पढ्दा नेपाल विद्यार्थी संघको सदस्यता लिएँ। २०३६ को जनमत



पुरुषोत्तम दाहाल

संग्रहमा बहुदलको पक्षमा प्रचार गर्न जाँदा नेपाली काँग्रेसको सदस्यता लिएँ। त्यसबेला निर्दल/बहुदल एकै हो, जनमत संग्रह धोका हो भन्दै आजको नेकपा र तत्कालीन माले र मसाल गाउँगाउँमा काँग्रेसलाई पिट्दै, तर्साउँदै हिँड्थे। प्रकारान्तरले उनीहरू निर्दलीय सत्तालाई सहयोग गरिरहेका थिए। उनीहरूको आतंकको सामना गर्दै हामी बहुदलका पक्षमा अहोरात्र कुदिरह्यौँ। तर बलात् बहुदल पक्षलाई कमजोर सिद्ध गर्ने काम तत्कालीन सत्ताले ग( यो। २०४१ देखि २०५६ सालसम्म काँग्रेसको केन्द्रीय प्रचार समिति र प्रचारविभागको सदस्य भएँ। विसं २०५९ मा काँग्रेस विभाजन भएपछि सदस्यता नवीकरण गरिन। २०६४ मा काँग्रेस एकीकरण भए पनिमैले सदस्यता लिइन। त्यसैले स्वतन्त्रता, मानव अधिकार र सामाजिक न्यायका पक्षमा निरन्तर कलम चलाइरहने छु। हिंसात्मक आन्दोलनमा मलाई विश्वास छैन। लोकतन्त्रको विकल्प लोकतन्त्रबाहेक केही छैन भन्ने मेरो बुझाइ छ। लोकतन्त्रका पक्षमा उभिने काँग्रेसबाहेक कोही पनि हुँदैन भन्ठान्ने हो भने मलाई प्रतिबद्ध काँग्रेस भनेर बुझ्नेहरूले गल्ती गरेका छैनन्। लोकतन्त्रको सैद्धान्तिक विकल्प खोज्ने र यसका मूल्यमाथि प्रहार गर्ने शक्ति,आचरण र घटना उजागर गर्नु लेखकीय धर्म हो भन्ने मेरो मान्यता छ। यसलाई अस्वीकार गर्नेहरूले मेराबारे जे सोचे पनि फरक पर्दैन। बिपीले निरन्तर सिकाएको पाठ के हो भने असहमतिको अधिकारको सम्मान र रक्षा। म असहमति राख्छु र असहमति राख्ने जसकसैको अधिकारको रक्षाहेतु कलम चलाइरहने छु। २०३९ साउन ६ मा बिपीको पार्थिव अवशान भयो। यसबाट नेपाली लोकतान्त्रिक आन्दोलनको गन्तव्य भताभुंग हुन्छ भन्ने धेरै थिए। तर गणेशमान सिंह,कृष्णप्रसादभट्टराई र गिरिजाप्रसाद कोइरालाले आन्दोलन मर्न वा कमजोर हुन दिएनन्। वामपन्थी आन्दोलनका शीर्ष मनमोहन अधिकारी, तुलसीलाल अमात्य, सहाना प्रधानहरूको समवेत योगदानको स्मरण यससँगै गर्नुपर्ने हुन्छ। उनीहरूले नेपाल कम्युनिस्ट पार्टीका संस्थापक र विचारक पुष्पलालको पथमा आफूलाई निरन्तर राखेकाले लोकतान्त्रिक आन्दोलनसँग वामपन्थी धार ९परिष्कृत मार्क्सवादी साम्यवादी धार०लाई सहकार्यमा जोड्न पुगे। नेपाली काँग्रेसको नेतृत्व र व्यवहारवादी वामपन्थीधारले समयको माग र चाप संयोजन गर्दै आजको अवस्थामा राजनीति पुगेको छ। २००७ देखि विदेशी दलाल घोषणा गर्दै राजनीतिक रथ हाँकिरहेका नेपालका साम्यवादीले पनि बिपीलाई आदर्श मानेकोबताइरहेका छन्। आजभोलि पुष्पकमल दाहाल र कमल थापाबाटप्रकट हुने विचार यसका प्रमाण हुन्।

बिपीले प्रयोग गरेका राजनीति यथावत् भए पनि अहिले उनले अवलम्बन गरेका रणनीतिमा आकाश-जमिन अन्तर छ। उनको बेला राजतन्त्र थियो। राजा एक पक्ष र शक्ति थिए। त्यसैका आधारमा बिपीले राष्ट्रिय राजनीतिका विचार प्रक्षेपण गरे भने साम्यवादी विचार र सत्ताको निर्यातक महाशक्ति राष्ट्र सोभियत संघको रणनीतिका आधारमा उनले अन्तर्राष्ट्रिय राजनीतिको विश्लेषण गरे। अहिले सोभियत संघ विघटन भएको छ भने नेपालबाट राजसंस्था बिदा भएको छ। २५ देशमा फैलिएको साम्यवादी सत्ता ५ देशमा खुम्चिएको छ। लोकतान्त्रिक प्रणाली आत्मसात् गर्ने साम्यवादीहरूको पुनरोदयको सम्भावनालाई नेपालको राजनीतिले श्रीगणेश गरेको लाग्छ। तर साम्यवादी नेतृत्वको सरकार बन्नुको अर्थले अधिनायकवादलाई मार्ग प्रशस्त गर्दैछ भन्ने गलत चिन्तन र उत्साह साम्यवादी कार्यकर्तादेखि नेतृत्वमा पलायो भने त्यसविरुद्ध अर्को महाजनआन्दोलन अवश्यम्भावी छ। यस सन्दर्भमा बिपीका कालजयी विचारको सानो अंश उद्धरण गर्नु उपयुक्त हुनेछ। २००८ सालमा युगवाणीमा प्रकाशित लेखमा बिपीले नेपाली काँग्रेसका सदस्यलाई लक्षित गर्दै लेखेका छन्- सबभन्दा पहिले यो कुरा बुझ्नुपर्छ कि देशको आजकोऐतिहासिक माग के छ रु समाजमा कुनकुन शक्ति छन् र तीमध्ये देशको प्रगतिको वर्तमान अवस्थामा कुन शक्तिको बढ्ता महत्व छ रु ऐतिहासिक दृष्टिले हामीले देशको समस्या हेर्नुपर्छ। हामीमा ऐतिहासिक दृष्टिले आफ्नो देशको परिस्थिति विचार गर्ने शक्ति भएन भने समस्याको यथार्थ ज्ञान प्राप्त गर्न सक्दैनौँ। देशको प्रगतिले हामीलाई धेरै पछाडि छाडेर अगाडि बढ्नेछ। इतिहासमा यस्ता घटना धेरै छन्, ठूलाठूला संस्थाले प्रगतिको शृंखलाको ऐतिहासिक महत्व नबुझेर समयको मागविरुद्ध काम गर्दा तिनले इतिहासका पानाबाट मेटिनुपर्‍यो। करिब ६८ वर्षपहिले व्यक्त बिपीका यी विचार आज पनि उत्तिकै सान्दर्भिक छन्। काँग्रेस नेतृत्वकालागि जति मननीय र उपयोगी छन् त्योभन्दा बढी सरकार चलाइरहेका शक्तिका लागि अनुशीलनयोग्य छन्। सरकारको नेतृत्वमा बसेकाले समयको माग तिरस्कार गरिरहेको अनुभव सबैमा छ। समयको माग छ- मानव अधिकारका मूल्यको सम्मान गर। समयको आह्वान छ- नागरिक कहिल्यै पनि एक्लो हुँदैन, उसको अवमूल्यन नगर। तर साम्यवादी नेतृत्वको सरकार पाँच महिना नपुग्दै मानव अधिकारका मूल्यप्रति निरपेक्ष हुँदै गएको देखिन्छ भने नागरिकलाई एक्लो देख्ने रोगबाटग्रस्त हुँदैछ। अर्कोतर्फ बिपी विचारको अनुयायी दाबी गरिरहेको जमात देखिने काँग्रेसले बिपीले भनेजस्तो समयको माग र पदध्वनिलाई तत्काल विगतमा उपयुक्तढंगले संयोजन गर्न सकेको थिएन र नै अहिले ससाना फरकफरक टाकुरामा गोडा तेर्स्याएर अडिने प्रयास गरिरहेको छ। आज पनि काँग्रेसका नेता र सदस्यले समयको माग अनुभव गर्न सकिरहेका छैनन्। बिपीका कालजयी विचारले उनीहरूलाई आकर्षित गर्न सकेको देखिन्न। विनाशकाले विपरित बुद्धि, शायद यस्तै समय र कर्मका लागि भनिएको होला।

# सरकारको अपरिपक्व कूटनीति

इतिहासमै पहिलो पटक दुईतिहाई बहुमत सहितको सरकारको नेतृत्व गर्दै प्रधानमन्त्री केपी शर्मा ओली मित्र राष्ट्र चिनको ६ दिने औपचारिक भ्रमण सकेर नेपाल फर्किसकेका छन्। उनको भ्रमणको विषयलाई लिएर विभिन्न कोणबाट बहस भइरहेका छन्। यस आलेखमा ओली सरकारको अपरिपक्क कूटनीतिका कारण नेपालले गुमाउनुपरेको अवसरहरुको बारेमा चर्चा गर्ने प्रयत्न गरिएको छ। दुई वर्षअघि, २१ मार्च, २०१६ मा तत्कालीन प्रधानमन्त्रीको हैसियतले केपी ओलीले चीनको भ्रमण गरेका थिए। उक्त भ्रमणको अवसरमा चीनसँग व्यापार तथा पारवहानसम्बन्धी सम्झौता भएको थियो। उक्त ऐतिहासिक सम्झौताले नेपाललाई भारतको परनिर्भरताबाट मुक्त गर्ने छ भनेर नेपाली जनतामा खुसियाली छाएको थियो। यही सम्झौताका कारण नेपाली राजनीतिमा ओलीको राष्ट्रवादी छवी निर्माण भएको थियो। दुःखको कुरा आफैले गरेको सम्झौतालाई उनको यो भ्रमणमा नेपाल सरकारले प्रोटोकल र स्मृतिपत्रको तयारी नपुगेको भनी हस्ताक्षेर हुनसकेन। जसका कारण ओली प्रधानमन्त्री भएपछि चीनबाट रातो रेल र तेल नेपाल सहजै भित्रिने छ भन्ने आशा बोकेका आम नेपाली जनतामा निराशा छाएको छ। अर्कोतर्फ उक्त सम्झौताका विरोधीहरु नेपाललाई केही समय भारतकै वरिपरि घुमाउन पाइएला कि भनेर जुँगा मुसारिरहेका छन्। त्यसो त चीनबाट भाषण गरेजस्तो गरेर रेल र तेल ल्याउने कुरा व्यावहारिक हिसाबले सहज छैन। यो राष्ट्रका लागि खर्चिलो र बोझिलो अनि चुनौतीपूर्ण हुन्छ भनी बहस गरेर घुमाई फिराई रुम्जाटार पुग्न बानिपरेकाहरुलाई सरकारको फितलो कूटनीतिले झनै उत्साहित बनाएको छ। यद्यपि सरकारले हाललाई तयारी नपुगेको भनी झारा टार्दै छिटै प्रोटोकलमा हस्ताक्षर हुने भनी आस्वस्त पार्न खोजे पनि विस्तारै चीनसँगको उक्त व्यापार र पारवहान सम्झौता अलपत्रमा पर्ने त होइन भन्ने आशङ्का पैदा भइरहेका बेला थप संवाद हुनुलाई सकारात्मक रुपमा लिनुपर्छ। यद्यपि सम्झौतामा हस्ताक्षर नभएसम्म ढुक्क हुन सकिन्न। जेसुकै तर्क गरे पनि सरकारको कूटनीतिक असक्षमताको कारण नेपालले एउटा ऐतिहासिक अवसर गुमाउन पुगेको छ।

**नेपालको भूराजनीतिक जटिलता**

नेपाल अत्यन्तै जटिल भूराजनीतिक अवस्थामा रहँदै आएको छ। चीन र भारतजस्ता उदियमान आणविक शक्ति राष्ट्रहरुको बीचमा रहेको नेपालले यी दुई राष्ट्रको विकास र प्रतिस्पर्धाबाट फाइदा लिन सकेमा अवसर र अन्यथा साँढेको जुधाइ, बाच्छाको मिचाइ हुने खतरा पनि छ। त्यसैले यी दुवै छिमेकिसँग समान दूरीको व्यावहारिक सम्बन्ध र आपसी विश्वास सिर्जना गरेर अगाडि बढ्नुको विकल्प छैन्। विगतमा हाम्रा व्यवहार र नीतिका कारण थुप्रै जटिलता पैदा हुनगए पनि पछिल्लो चरणमा केही सुधार भएको हो कि जस्तो देखिए पनि पूर्ण रुपमा विश्वास आर्जन भइसकेको देखिँदैन। इतिहासमा आफ्नो सत्ता जोगाउनका लागि राणा, राजा र लोकतन्त्रवादी नेताहरुले गरेका गलत सम्झौता र व्यवहारका कारण आमूल परिवर्तपछिको नेतृत्व पनि भारतीय हेजिमोनीबाट उम्कन सकेको छैन। जसका कारण चीनसँगको हाम्रो सम्बन्ध ताक परे तिवारी नत्र गोतामे जस्तो स्थितिबाट गुज्रदै आएको छ। नेपालका जुनसुकै सरकार प्रमुख किन नहोउन, चीनसँगको सम्बन्धलाई सुदृढ बनाउने कुरामा उनीहरुमा भारतीय फोबिया हावी भएकै देखिन्छ। यो परम्परा र फोबियालाई गणतन्त्र



कृष्णबहादुर केसी

नेपालका प्रथम प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफ्नो पहिलो भ्रमण चीनबाट गरेर ब्रेकथ्रु गरेका थिए। तर भ्रमणबाट फर्केपछि आफ्नो पहिलो औपचारिक राजनीतिक भ्रमण भारतबाटै हुने बताएका थिए।

त्यसैगरी वर्तमान प्रधानमन्त्री केपी ओली चीन भ्रमणमा निस्कने तयारी गरिरहँदा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अन्तर्राष्ट्रिय कूटनीतिक मर्यादा विपरीत एकलौटी रुपमा नेपालको भ्रमण तोकेर ओलीको चीन भ्रमण नै पछाडि सरेको दृष्टान्त ताजै छ। यसरी एउटा स्वतन्त्र राष्ट्रको सरकार प्रमुख एउटा छिमेकी देशको भ्रमण गर्दा अर्को छिमेकीसँग डराउनुपर्ने स्थिति अहिले पनि कायम जस्तो देखिन्छ। कतै चीनसँगको पारवहान सन्धिको प्रोटोकलमा हस्ताक्षर हुन नसक्नुमा यस्तै भूराजनीतिक जटिलताले काम गरेको त छैन्? नयाँ संविधानको निर्माणमा विमति राख्दै भारतले नेपालविरुद्ध लगाएको अघोषित नाकाबन्दी र त्यसबाट सृजित विषम परिस्थितिको सामना गर्न नेपाली जनता र सरकारले जुन साहास देखाएको थियो, त्यसलाई मित्रराष्ट्र चीनले सहजीकरणका लागि नेपाललाई साथ दिएको थियो। यही बाध्यात्मक परिस्थिति र राष्ट्रिय आवश्यकतालाईसमेत बोध गरी तत्कालिन प्रधानमन्त्री केपी ओलीले चीन भ्रमणको अवसरमा व्यापार तथा पारवहान सम्झौता गरेर भारतमाथिको परनिर्भरतालाई हटाउने मार्गप्रशस्त गरेका थिए। चीनसँगको यो सम्झौताले नेपालको भूराजनीतिक परिस्थितिमा समेत परिवर्तन आउने विस्वास गरिएको थियो। तर तत्कालिन सत्ताधारी दलहरु एमाले र माओवादीबीच खटपट सुरु भएपछि ओली सरकार परिवर्तन भई माओवादीका अध्यक्ष प्रचण्डको नेतृत्वमा नयाँ सकार बन्न पुग्यो। जसले गर्दा उक्त सम्झौतालाई कार्यान्वयनमा लैजान सकिएन। सरकारबाट बाहिरिएपछि ओलीले आफूलाई चीनसँग भएको सम्झौता कार्यान्वयन गर्न नदिन भारतको दबाबमा सरकारबाट हटाइएको प्रतिक्रिया दिएका थिए। यद्यपि नाकाबन्दिको सामना गर्ने र चीनसँग व्यापार पारवहान सम्झौता गर्न ओली सरकारमै बसेर प्रचण्डले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। विगतमा जेजस्ता तीतामीठा भए पनि अहिले ओली र प्रचण्ड नेतृत्वका कम्युनिस्ट पार्टी एक भएर देशमा दुईतिहाई बहुमतको कम्युनिस्ट सरकार बन्न सफल भएको छ, जसलाई मित्रराष्ट्र चीनले समेत स्वगत गरेको छ। बलियो सरकारको बलियो प्रधानमन्त्री ओलीले यस्तो अनुकूल परिस्थितिमा चीनको भ्रमण गर्दा पनि विगतमा आफैले गरेका सम्झौताको प्रोटोकलमा हस्ताक्षर गर्न नसक्नुले उनको जबरजस्त निर्माण भएको राष्ट्रवादी छवीमाथि प्रश्न उठेको छ। बाहिर जे कुरा प्रचार गरे पनि के यो भूराजनीतिक जटिलताकै परिणाम हो?

**चिनियाँ चासो**

चीनले नेपाललाई दक्षिण एसियाको प्रवेशद्वारको रुपमा लिएको देखिन्छ। तिब्बतजस्तो संवेदनशील क्षेत्रसँग सीमाना जोडिएको नेपालसँग चीनले गम्भीर सुरक्षा चिन्ता व्यक्त गर्दै आइरहेको छ। चीनका लागि तिब्बत र ताइवान सुरक्षा दृष्टिले अत्यन्तै संवेदनशील मानिन्छन्। तिब्बतको सुरक्षाका मामिलामा चीन सरकारले उच्च स्तरीय भ्रमण र दुई पक्षीय वार्तामा पटक पटक कुरा उठाउँदै आइरहेको छ। नेपालले चीनको यो चिन्ता र चासोलाई सम्बोधन गर्न प्रयत्न पनि गरिरहेको छ। एक चीन नीतिमा अडिक नेपालले आफ्नो भूमि कुनै पनि छिमेकीका विरुद्ध प्रयोग गर्न नदिने घोषित नीति लिँदै आएको छ। यद्यपि नेपालको कमजोर सुरक्षा स्थितिका कारण चीन व्यावहारिक रुपमा नेपालप्रति अझै विस्वस्त हुन सकेको छैन। चीनको सीमा सुरक्षा चासो यस पटकको ओली भ्रमणमा पनि गम्भीरतापूर्वक उठेको कुरा संयुक्त विज्ञप्तिको १० नं बुँदामा सीमा सुरक्षा व्यवस्थापन र सुपुर्दगी सन्धिबारे स्पष्ट उल्लेख गरिएबाट प्रष्ट हुन्छ।

लामो समयदेखि आफूले विस्वास गर्दै आएको नेपालको स्थायी शक्ति राजतन्त्रको अन्त्यपछि नेपालमा विश्वासिलो र भरपर्दो शक्तिको खोजीमा रहेको चीन यतिबेला विभिन्न राजनीतिक दल, तिनका भातृसङ्गठन, राज्यका विभिन्न निकायका अधिकारीहरु, मिडिया र नागरिक तहमासमेत आफ्नो सम्बन्धलाई विस्तार गर्ने पिपुल्स डिप्लोमेसी प्रयोग गर्न खोजिरहेको देखिन्छ। त्यसैले चीनको सुरक्षा चासो र संवेदनशीलताई सम्बोधन गर्ने विश्वासिलो आधार निर्माण गर्दै ओली सरकारको यो भ्रमणमा भएका सहमति र समझदारीहरुलाई व्यावहातरिक रूपमा कार्यान्वयनमा ल्याउन नेपालले ठोस नीति र योजना तयारी गरी चीनसँग विश्वास र समझदारीका साथ सहकार्य अगाडि बढाएमा नेपालमा आर्थिक समृद्धिको ढोका खुल्ने छ।

**पानी उमालेर मात्र पिउने बानी बसालौ।**

प्रधान-सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९७५१०३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं
फोनः ०१-४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

## सम्पादकीय

# के.सी.का जायज मागलाई सम्बोधन गर

चिकित्सा क्षेत्र सुधारका सम्बन्धमा डा. गोविन्द के.सी.ले उठाएका जायज मागका विषय र सरकारले अहिले देखाइरहेको व्यवहारप्रति जनचासो देखिएको छ। सामाजिक सञ्जाल फेसबुकमार्फत उनका मागहरुका विषयलाई लिएर आवाजहरु सार्वजनिक हुँदै आएका छन्। कतिपयले वामपन्थी सरकारले डा. के.सी.को मागलाई आफ्नो माग ठान्दै तत्कालै लागू गर्नुपर्नेमा लाजमर्दो काम गरिरहेको भनी टिप्पणी समेत गरेका छन्। वामपन्थी सरकारले यी मागलाई आफ्ना माग ठान्नुपर्ने र तुरुन्तै स्वीकार्नुपर्नेमा त्यसो नगरिएको भनी वुद्धिजीवीहरुले नै आफ्नो धारणा सार्वजनिक गर्न थालेका हुन्। चिकित्सा शिक्षा सम्वन्धी समाजवादी अजेन्डालाई समतामुलक, समावेशी, जनमुखी गाउँमुखी र गरिबमुखी चिकित्सा शिक्षा यतिखेरको नेपालको आवश्यकता भन्दै कतिपय वुद्धिजीवीले समाजवादी झन्डा बोकेको वामपन्थी सरकार भने चिकित्सा शिक्षाको नवउदारवादी निजीकरण र पुँजीकरणको बारेमा नचाहिँदो अडान र अहंकार लिएर बसिरहेछ भन्नेसम्मको आरोप लगाउन लागिपरेका हुन्।

काठमाडौंमा आवश्यकता भन्दा धेरै बढी मेडिकल कलेज भइसकेको अवस्था छ। अतः आउँदो एक दशकसम्म मेडिकल कलेज यहाँ होइन, उपत्यका बाहिर सातै प्रदेशमा खोल्नु पर्छ, दुर्गम स्थानमा पनि मेडिकल खोलिनु पर्छ भन्ने मान्यता के.सी.ले लिएका छन्। उनको मान्यतालाई वौद्धिकवर्गले स्वागत नै गरेको अवस्था छ। ३० लाख, ५० लाख वा एक करोड रुपियाँ तिरेर केही मुठ्ठीभर अति धनीले मात्र डाक्टर बन्नसक्ने हालको स्थितिको अन्त्य गरिनका लागि पनि के.सी.ले उठाएका मागहरुलाई सरकारले सकारात्मक रुपमा हेर्नुपर्छ भन्ने पक्षमा वामवुद्धिजीवीहरु समेत सहमत भएका छन्। हरेक मेडिकल कलेजमा राज्यको खर्चमा कम्तिमा ५० प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको लागि छुट्ट्याएर गरिबका छोराछोरीले पनि डाक्टरी पढ्न पाउने व्यवस्था गरिनु पर्छ भन्ने कुरालाई सकारात्मक रुपमा लिन थालिएको छ। खोलिएका मेडिकल कलेज गुणस्तरीय हुनुपर्छ र त्यसका लागि आवश्यक न्यूनतम मापदण्ड पूरा गरेका र निश्चित बर्ष चलाइसकेका मेडिकल कलेजलाई मात्र सञ्चालन स्वीकृति दिइनु पर्छ भन्ने कुरामा पनि जनसमर्थन जुटेको मात्र छैन कि मापदण्डअनुसार नचलाइएका मेडिकल कलेज बन्द गरिनु पर्छ भन्नेमा पनि मत मिलेको अवस्था छ।

समाजवादी झन्डा बोकेको वर्तमान वामपन्थी सरकार भने चिकित्सा शिक्षाको नवउदारवादी निजीकरण र पुँजीकरणको बारेमा नचाहिँदो अडान र अहंकार लिएर बसिरहेको देखिन्छ। सरकारले कानून बनाएर गुणस्तरीय चिकित्सा शिक्षालाई राज्यले मात्र सञ्चालन गर्ने, सबै प्रदेशमा विस्तार गर्ने र गरिब र गाउँको पहुँचमा पुऱ्याउनु पर्ने आजको आवश्यकता हो। संविधानमा शिक्षा र आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा प्राप्त गर्नु नागरिकको मौलिक हक र राज्यको दायित्व भनेर लेखिसकेको अवस्थामा सरकारले त्यसको व्यावहारिक पालनाको पक्षमा आफूलाई उभ्याउनुपर्नेमा त्यसो गर्न सकेको छैन। जनहीतका लागि उठाइएका कुनै पनि मागलाई सरकारले लाज नमानी पूरा गर्दै गएमा मात्र सरकारको लोकप्रीयता बढ्ने अवस्था आउँछ।

# सरकारको गल्ती हामीले औंल्याउने हो

**दिलेन्द्रप्रसाद बडू, नेता- नेपाली काँग्रेस**



*प्रतिपक्षको भूमिकाप्रति नै प्रश्न उठ्न थालेका बेला काँग्रेसले डा.गोविन्द केसीको अनशनको विषयलाई लिएर सडक र सदन दुवैमा आफ्नो उपस्थिति देखाएको छ। यही विषयलाई लिएर उसले संसदमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव नै दर्ता गर्यो। जसले संसदमै बहस चलायो। यद्यपि यो विषय कहिले र कसरी किनारा लगाउने भन्ने यकिन भइसकेको छैन। यसै प्रसङ्गमा काँग्रेस नेता तथा सांसद दिलेन्द्रप्रसाद बडुसँग डा. गोविन्द केसीको अनशन र काँग्रेसको सम्बन्धबारे प्रश्न गरेका छौं। प्रस्तुत छ, नेता बडुसँग गरेको कुराकानी :*

**० पछिल्लो समय काँग्रेसले डा.गोविन्द केसी प्रकरणलाई ठूलै मसला बनायो। आफ्नो मुद्दाभन्दा प्रतिपक्ष अरुको मुद्दाप्रति आशक्त देखियो। प्रतिपक्षसामु अरू मुद्दा र एजेन्डा अभाव भएकै हो ?**

यसलाई यसरी बुझ्नु गलत हुन्छ। काँग्रेसले अरू पनि धेरै जनसरोकारका मुद्दा उठाउँदै आएको छ। तर गोविन्द केसीले उठाएका माग समाजका लागि आवाश्यक छ। आम नेपालीको हितका लागि उठेका मागमा हाम्रो समर्थन हुने नै भयो। यो प्रकरणमा हामी नबोल्दा समाजप्रति हाम्रो कर्तव्य पूरा हुँदैन भन्ने हामीलाई लाग्यो। डा.केसीले १५औं पटक अनशन बस्नुपर्ने अवस्था आएको छ। खासगरी चिकित्सा सेवा र चिकित्सा शिक्षाको क्षेत्रमा जति विसङ्गति, विकृति र व्यापारीकरण भएका छन्, यी रोकिनुपर्छ। यी सेवा गुणस्तरीय हुनुपर्छ। उपत्यकाभन्दा बाहिरका गरिब जनतासम्म यो सेवाको पहुँच सबै भेगमा पुग्नुपर्छ भन्ने विषयलाई उहाँले पटक पटक उठाउनुपर्ने अवस्था आयो। हिजो हामी र बामपन्थीहरू पनि सरकारमा रहे। त्यसक्रममा संयुक्त सरकार पनि बने। त्यस्ता सरकार भएका बेला पनि यो विषय नउठेको होइन। यति गम्भीर र महत्वका साथ यो विषय उठ्दा पनि विगतका (सुशील कोइराला र शेरबहादुर देउवा) सरकारले डा. गोविन्द केसीसँग वार्ता गर्यो। वार्तामा उहाँका माग र गाम्भीर्यतालाई स्वीकारेर केदारभक्त माथेमाको संयोजकत्वमा आयोग पनि गठन गरियो। त्यो आयोगले लामो छलफल, बहस र अनुसन्धान नै गरेर समाधानको उपायसहितको सुझाव दियो। त्यसको आधारमा हामीले एउटा अध्यादेश ल्यायौं। त्यो अध्यादेश २०७४ साल कात्तिक २४ गते जारी भयो। त्यसपछि सम्भव भएजति विषय समेटेर चिकित्सा क्षेत्रलाई व्यवस्थित गर्ने भनेपछि उहाँ सन्तुष्ट पनि हुनुभयो। त्यसक्रममा उपत्यकाबाहिर सबै प्रदेशमा कम्तीमा एउटा मेडिकल इन्स्टिच्युट बनाउने भन्ने आशय अध्यादेशमा समेटियो। यो सरकार बनेपछि गत वैशाख १३ गते अध्यादेश स्वीकार गर्दै लागू गर्न सहमत भयो। तर, पछिल्लो पटक त्यो अध्यादेशको प्रमुख आशयमै फेरबदल हुन लाग्यो भन्ने जानकारी भयो होला। त्यसपछि उहाँलाई लाग्यो होला अहिलेसम्म गरेको छलफल, अध्ययन प्रतिवेदन, सरकारले गरेको सहमति भत्किन थाले। यसो हुँदा झन् विकृत र पुरानै अवस्था आउँछ भन्ने बुझेर डा. केसीले गरेको अनशन हामीले गरेको सहमतिसँग पनि जोडिए र हाम्रो पनि सरोकारका विषय बन्न पुग्यो। सहमति भइसकेको र तीन करोड जनताको सरोकारको विषयमा सरकार गैरजिम्मेवार नबनोस् भनेर हामीले ध्यानाकर्षण गराएका हौं।

**० यसअघि आफ्नै पार्टीको नेतृत्वका दुई दुईवटा सरकार हुँदा समस्या समाधानमा चासो नदिने काँग्रेस प्रतिपक्षमा पुगेपछि चाहिँ यति धेरै महत्व दिँदा स्वार्थ मिलेको त होइन भन्ने प्रश्न त उठेको छ नि ?**

हामीले यो विषयको स्वामित्व लिइसकेको हो। यसलाई अत्यन्तै गम्भीरतापूर्वक लिएकाले नै यसअघि आयोग गठन गर्यौं, अध्यादेश ल्यायौं र त्यसैलाई आधार बनाएर एक किसिमको सहमति पनि गर्यौं। तर त्यो सहमति आज किन भत्कियो र विकृति विसङ्गतिमा जान थाल्यो ? यसमा चिन्ता हुनु स्वभाविक हो। यो हेर्दा हामीले हिजो महत्व दिएकै थिएन भन्ने सत्य होइन। त्यति सहमति भइसकेपछि फेरि डा. केसीले अनशन बस्नुपर्ने वातावरण किन बन्यो ? यो गलत हो ठीक होइन। जुन विपन्न परिवारका निम्ति भन्दै समाजवादउन्मुख साम्यवादीहरूको सरकार भन्नेहरू न आज भनाइको विपरीत कही व्यापारी, ठूला घरानीयका निमित्त व्यापारीकरण गर्न खोजिएको त होइन भन्ने चिन्ता सबैलाई भयो। यस्तो विषयमा डा. केसी अनशन बसिरहनुभएको छ। अर्कातिर शिक्षामन्त्री र प्रधानमन्त्रीबाट निर्णय परिवर्तन हुन सक्दैन, हामीले जे गर्यौं त्यही अन्तिम सत्य हो भन्नेजस्ता अभिव्यक्ति आउनु ठूलो चिन्ताको विषय भएपछि पहिला उनको जीवन रक्षा होस् भन्ने हाम्रो भनाइ हो।

**० यसअघि काँग्रेस नेतृत्वको सरकारले यो समस्या समाधान गर्नुको साटो किन तन्काएर राख्यो ? यसमा काँग्रेसको कमजोरी थियो भन्ने त प्रष्टै छ नि ?**

समस्या समाधानका लागि लामो बहस, छलफल र प्रयास हामीले गर्यौं। त्यही भएर केसीका मागमा एउटा विधि बनाएर व्यवस्थित गर्नकै लागि हामी लागेका थियौं भन्ने त विगतको हाम्रो प्रयासबाटै बुझिन्छ।

**० तर गोविन्द केसी प्रकरणलाई काँग्रेसले राजनीतिकरण गर्न त खोज्या हो नि ?**

हामीले यो विषयलाई राजनीतिकरण गर्न खोजेको होइन। राजनीतिकरण गर्ने भए किन अध्यादेश ल्याइन्थ्यो ? किन आयोग गठन हुन्थ्यो ? जुन विषयले अब मुलुकमा द्वन्द्व आउन दिनुहुँदैन भन्ने हाम्रो मान्यता हो। यही सरकारले सहमति गरेको छ। राष्ट्रपतिकोमा गएर प्रमाणीकरण नै गराएको छ भने किन, कसको इसारा र फाइदाका लागि परिवर्तन हुन लाग्यो ? यो आशङ्का सारा देशले गरेको छ। यो गोविन्द कसीको मात्रै विषय भनेर बुझियो भने गल्ती हुन्छ। यो ३ करोड जनता त्यसमा पनि विपन्न र गरिब परिवारको सरोकारको विषय हो। सबै सुविधा काठमाडौंमा मात्रै थोपार्नु ठीक हैन भन्ने त अहिलेकै अवस्थाले पुष्टि गरिसकेको छ। यो तीन नम्बर प्रदेशको कुरा गर्ने हो भने यहाँ १० वटा मेडिकल कलेज अलरेडी चलिसकेका छन्। यहाँको जनसंख्यासँग तुलना गर्दा ५ लाख बराबर एउटा मेडिकल कलेज हुन्छ। तर दुई नम्बर प्रदेशमा छैन। जहाँ सबैभन्दा बढी जनसंख्या ५५ लाख जनता भएको ठाउँमा एउटा कलेज मात्रै छ। अर्को सात नम्बर प्रदेश जहाँको म पनि बासिन्दा हुँ, त्यो क्षेत्रमा गेटामेडिकल कलेजको सुरु त भयो तर मन्द छ। यसकारण सरकार उपत्यका भन्दा बाहिर बढी जिम्मेवार बनोस्, सन्तुलित विकास होस् भन्नु गलत होइन।

**० अध्यादेश आउँदा मुलुकको परिस्थिति बेग्लै थियो, अहिले फरक छ। फेरि मुलुकमा बाम नेतृत्वको बलियो सरकार पनि बनेको छ। कुनै समयमा गरिएको सहमतिलाई ढुङ्गाकै अक्षरजस्तै मानेर परिवर्तन नै गर्नु हुँदैन भन्ने अडान पनि त गलतै होला नि ? जब कि सरकारले अझ राम्रो पो गर्न खोजेको हो कि !**

परिवर्तन गर्न सकिन्छ तर अझ राम्रोका लागि गर्नुपर्छ। विगार्नका लागि परिवर्तन भयो भने त्यसका विरुद्ध आवाज उठ्छ। अहिलेको परिस्थिति त्यो हो। यति समय लगाएर गरिएको काम विगार्न त भएन नि ! १४ पटकसम्म गोविन्द केसीले अनशन बस्नुपर्ने, आफैले गरेको सहमति तोड्नु भनेको सुधारका लागि होइन। त्यो सहमति तोड्नुपर्ने कारण के हो ? भनेर जवाफ दिने अवस्थमै यो सरकार छैन। त्यहाँ केही त्रुटिहरू छन्। त्यसकारण यसलाई सचेत गर्नु हाम्रो कर्तव्य नै हुन पुग्यो।

**० तपाईंहरूले यसो भनिरहँदा सत्तापक्षले डा. गोविन्द केसीको अनशनलाई लिएर काँग्रेसले राजनीतिकरण गर्न खोज्यो भनिरहेको छ, के यसमा कुनै सत्यता नभएकै हो ?**

यो आरोप मात्रै हो। यो भनाइ गलत हो। बरु सत्तापक्षले गरेको गल्तीका पछाडि धेरै गलत मनसायहरू छन्।

**० के त्यस्ता मनसाय रहेको देख्नुहुन्छ ?**

चिकित्सा शिक्षा र सेवा उपत्यका बाहिर जानै नहुने भन्ने देखियो। जुन १० वर्षसम्म उपत्यकामा यो सुविधा नथपौं, बाहिर लैजाऊँ भनेर। १० वर्षपछि आवाश्यक्ताअनुसार बढाउँदै लैजाउँला भनेकै छ। उपत्यकामा दिनै हुँदैन भनेको पनि होइन।

**० नेपालमा खुला अर्थतन्त्रको वकालत गर्ने सबैभन्दा बढी काँग्रेस नै हो। धेरै समय सत्ताको चाबी लिएको पनि काँग्रेसले नै हो। यो विकृति भित्रिएको पनि तपाईंहरूकै कारणले हो भन्ने जान्दाजान्दै यसको जिम्मेवारी लिन चाहिँ नपर्ने ?**

हामी दोषी छैनौं भनेर भनेकै छैन। दोष हामी पनि लिन्छौं। हामीले राम्रो काम मात्रै गरेका छौं भनेर दाबी गर्दैनौं। हामी सबै मिलेर गरेको कामको एउटा अनुभव लिइसकेका छौं, भोग्दै छौं। पहिला गल्ती भयो भनेर फेरि गल्ती गर्ने कि सुधार्ने ? हो त्यही भएर अब सुधार गर्नुपर्छ भनेको। गल्तीकमजोरीको यथार्थ विश्लेषण भइसकेपछि नै डा. केसीको आवाज ठीक थियो र उनको भनाइ हाम्रो कर्तव्य यसो गर्दा ठीक हो भनेर सुनुवाइको पहल गरेका हौं। अहिले हामी प्रतिपक्षमा छौं। जनताको चासोको विषय यसमा छ। अनि हामीले जनताको चासोको विषयलाई समर्थन पनि गर्नुपर्छ, त्यो हाम्रो कर्तव्य पनि हो। सरकारले गलत गरेको छ, त्यसमा आवाज उठाउने काम हाम्रै हो, गल्ती रोक्ने हाम्रो प्रयास हो।

**० डा. केसी र सरकारबीचको द्वन्द्वको फाइदा काँग्रेसले लिन चाहेको त होइन ?**

होइन, यो डा. केसी र सरकारको मात्रै विषय होइन। त्योभन्दा बढी हामी सरोरकारको विषय हौं। डा. केसी व्यक्ति र अहिले बनेको झण्डै दुई तिहाइको सरकारबीचमा मात्रै सीमित गरियो भने बुझाइ गलत हुन्छ। जनताका प्रतिनिधि पात्र हुन् राजनीतिक पार्टी। जनतालाई गलत कुराका विरुद्धमा परिचालित, सुसूचित र जगाउने काम काम हाम्रो हो। यो काम हामीले सदनमा पनि गरिरहेका छौं। खुला हृदयका साथ हामीले यो विषयलाई उठाएका हौं।

**० तर दुवै पक्ष (केसी र सरकार)ले आ-आफ्नै अडान नछोड्ने हो भने स्थिति कहाँ पुग्ला ?**

त्यो दुखद् अवस्था नआओस् भन्छौं हामी। त्यसका लागि हामीले संसदभित्र पर्याप्त छलफल होस् भनेर म आफैले जरुरी सार्वजनिक महत्वको विषयमा प्रस्ताव दर्ता गरेँ र त्यसमाथि छलफल पनि भयो। संसदको ध्यानाकर्षण सँगै सरकारको आँखा खोल्ने काम भयो। अझै हामी यसमा निरन्तर दबाब दिन्छौं जब कि सरकारले गल्ती नगरोस्। डा. केसीको स्वास्थ्य यति विग्रँदो छ कि उहाँको कुनै कुरा सुन्न चाहान्नौं भन्ने सरकार र यसलाई विकृत गर्न खोजियो भने म प्राण त्याग्न तयार छु भन्ने केसीको यो अवस्थालाई बचाएर ठीक बाटोमा लगेर समाधान गर्ने काम हाम्रो पनि हो।

**० तर यो प्रवृत्ति आज डा. केसी बस्ने, भोलि अर्को बस्दै जाने ( अनशन प्रवृत्ति) ले भोलि गलत नजिर त बस्ने होइन ?**

यो व्यक्तिको विषय नै रहेन। यी विषयहरूलाई कसै न कसैले उठाउनुपर्दो रहेछ। जो आफैमा कन्भिन्स छ, जसलाई कसैको स्वार्थ छैन, जसले जनताको हितका निमित्त सत्य कुराको उद्घोष गर्छ र अनशनको बाटो समाउँछ, जुन लोकतान्त्रिक विधिअनुसार नै पर्छ। उसले जनता र समाजको सत्य कुरा उठाउँछ भने उसलाई जनताले क्रमशः साथ दिनुपर्छ, दिँदोरैछ भन्ने देखियो। यदि कुनै व्यक्ति विशेषले पनि सही कामका लागि यो बाटो अपनाउँछ भने इमानदारिका साथ सुन्नुपर्छ। लामो समय लगाइसकेपछि उसको निष्कर्षमा पुगेको अवस्थामा त्योभन्दा बाहिर नजावस् भनेको मात्रै हो। व्यक्तिमा गोविन्द केसी देखिए पनि यो साझा र जनताको विषय भैसक्यो। त्यसैले यदि जनताप्रति यो उत्तरदायी हुने र दुई तिहाइ छ भन्दैमा जे भने पनि हुन्छ भन्ने हो भने बेग्लै हो, नत्र सरकार उत्तरदायी हुने हो भने यो क्षमताको सरकारले गलत प्रयोग नगरोस्।

**० तपाईंका विचारमा अबको समाधान के होला त ?**

सरकारले आफ्नो हठ त्यागोस्। जनताको आवश्यकता भनेर बुझिदेओस्। दम्भ र अहंकारले यो मुलुक मुठभेडतिर जान सक्छ। त्यसैले समाधान यसमा छ- जुन अध्यादेश बनेको थियो त्यो अनुरूप अर्को विधेयक ल्याओस्। त्यसो गर्ने हो भने अनशन पनि टुट्छ। यो समस्याको समाधान पनि हुन्छ। जनताको भलाइ पनि त्यसैमा छ। सरकार पनि जनताप्रति उत्तरदायी बन्छ बन्नुपर्छ।

*- रातोपाटीबाट*

# वैदेशिक ऋणले चौपट अर्थतन्त्र

मुक्ति अर्याल

प्रधानमन्त्री केपी ओलीले चीन भ्रमण क्रममा बहुचर्चित 'केरुङ-काठमाडौं रेलमार्ग' आयोजना अघि बढाउने समझदारी गरेपछि यसबारे बहस सुरु भएको छ। आयोजनाका पक्षधर भन्छन्, 'यो रेलमार्गले देशमा समृद्धिको ढोका खोल्नेछ, अर्थ व्यवस्थामा कायापलट ल्याउनेछ।' उनीहरु यो आयोजना जसरी पनि गर्नुपर्ने पक्षमा छन्। जसरी पनि भन्नाले, पाए अनुदान, नपाए ऋण (वैदेशिक) लिएर भन्ने हो। अर्को पक्ष भने रेल आवश्यक भए पनि प्रस्तावित रेल चलाउने ठाउँको भौगोलिक जोखिम, हाम्रा अन्य प्राथमिकता, यति ठूलो स्केलको परियोजना हामी सञ्चालन र व्यवस्थापन गर्न सक्छौं कि सक्दैनौं भन्ने हो। वैदेशिक ऋण लिएर यस्तो परियोजना सञ्चालन गर्न कति उपयुक्त र आवश्यक छ भन्ने प्रश्न पनि उठ्छ। पक्ष र विपक्षका यस्ता विभिन्न धारणा पछिल्लो समय सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रशस्त आएका छन्।

रेल आर्थिक विकासको अति आवश्यक पूर्वाधार हो भन्नेमा दुई मत नहोला। यही मत वैदेशिक ऋणमा नहुन सक्छ। वैदेशिक ऋण आर्थिक र राजनीतिक हिसाबले एकदमै जोखिमपूर्ण, विवादित र जटिल समस्याको विषय हो। एकदमै फाइदामूलक परियोजनामा अत्यावश्यक नभई वैदेशिक ऋण लिनुहुँदैन। अत्यावश्यक नभए वैदेशिक ऋण सकेसम्म लिनुहुँदैन। यसमा सतर्कता अपनाउनैपर्ने प्रमुख कारण हो, जोखिम।

वैदेशिक ऋणले हरेक देशलाई दुई मुख्य जोखिमसँग जोडिदिन्छ।

पहिलो, वैदेशिक ऋण विदेशी मुद्रामा लिइन्छ। यसकारण विदेशी मुद्रा जोखिमले ऋणको साँवा र ब्याज बढेर ठूलो आर्थिक संकट आउन सक्छ। हरेक वर्ष साँवा र ब्याजका रुपमा विदेशी मुद्राको ठूलो भाग विदेश पलायन हुँदा पुँजीगत तथा विकास कार्यमा कमी आउँछ। रेल आयोजनाका पक्षधर भने वैदेशिक ऋणबारे हचुवा भरमा 'वैदेशिक ऋण पासो होइन, समृद्धिको ढोका हो' भन्ने गलत र भ्रामक प्रचारमा लागेका छन्। वैदेशिक ऋणबारे यस्तो अनावश्यक, अति प्रचार र गलत बुझाइ प्रायोजित पनि हुनसक्छ। यो प्रायोजन ऋण दिन चाहने मित्रराष्ट्रहरुबाट हुनसक्छ। तिनको अभिष्ट नेपालमा परियोजना सफल पार्नुभन्दा असफल हुनेमा ऋण दिएर अप्ठ्यारो परिस्थिति सिर्जना गरी राजनीतिक वा आर्थिक नियन्त्रण हासिल गर्नु हुनसक्छ। रेल आयोजनाका पक्षधर वैदेशिक ऋण भनेको वैदेशिक लगानी हो भन्ने बुझेर त्यस्तो प्रचारमा लागेका पनि हुन सक्छन्। यसो हो भने यी दुईको फरक बुझाउनुपर्ने हुन्छ।

वैदेशिक लगानी बिल्कुलै ठीक छ, यसमा अति कम जोखिम हुन्छ, त्यसैले ल्याउनुपर्छ। वैदेशिक ऋण ठीक छैन, सकेसम्म ल्याउनु हुँदैन। ल्याए पनि धेरै सोचविचारपछि मात्र ल्याउनुपर्छ। रेलका विविध पक्षबारे बहस गर्नु यो आलेखको विषय होइन। यो आलेख मुख्य रुपमा 'वैदेशिक ऋण कति ठीकरबेठीक, कति आवश्यकरअनावश्यक ? वैदेशिक ऋण लिएर ठूला परियोजना सञ्चालन गर्नु कति उपयुक्त हो ? वैदेशिक ऋणको विदेशी राष्ट्रहरुमा केरकस्तो अनुभव छ ? वैदेशिक ऋण कति जोखिमयुक्त छ ?' लगायत विषयमा केन्द्रित छ।

### के हो वैदेशिक ऋण ?

विदेशी राष्ट्र, बैंक वा संघ-संस्थासँग विदेशी मुद्रामा लिइएको ऋण र आयात गर्दा विदेशी मुद्रामा तिर्नुपर्ने बाँकी रकमको योगलाई वैदेशिक ऋण भनिन्छ। वैदेशिक ऋण लिने पहिलो कारण देशको आन्तरिक ऋण वा स्रोतबाट परियोजनामा लगानी गर्न पुँजी नपुग्दा हो। अर्को, यदि परियोजना राष्ट्रियरअन्तर्राष्ट्रिय महत्वको छ र यसले देशमा आर्थिक हिसाबले कायापलट ल्याउँछ भने हो। अर्थात्, परियोजना प्रशस्त आम्दानी गर्नसक्ने, ऋणको साँवा र ब्याज आफैं आर्जन गरेर तिर्न सक्नेछ भन्ने हो। अर्को अवस्था, देश औद्योगिक विकासमा अघि बढेको र आर्थिक प्रगति गरिरहेको हुनुपर्छ। अहिलेको हाम्रो अवस्थामा वैदेशिक ऋण कति आवश्यक र जायज छ भन्ने प्रश्न टड्कारो रुपमा आउँछ।

### कति वैदेशिक ऋण ?

कुनै देशले कति वैदेशिक ऋण लिनसक्छ भन्ने निर्णय त्यो देशको वैदेशिक मुद्रा आम्दानी, सरकारी आम्दानी र साँवा तथा ब्याज विदेशी मुद्रामा तिर्न सक्ने क्षमतामा भर पर्छ। यस सम्बन्धमा अन्तर्राष्ट्रिय मुद्रा कोषले दिएको आधार सबभन्दा उपयुक्त र व्यवहारिक छ। यसअनुसार कुनै देशको जम्मा वैदेशिक ऋण सो मुलुकको निर्यातभन्दा १५० प्रतिशत कम हुनुपर्छ। वा, सरकारको कुल आम्दानीभन्दा २५० प्रतिशत कम हुनुपर्छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको यो आधार विश्वभर मान्य र ज्यादा प्रयोगमा छ। यसको अर्थ यो हरबखत लागू हुन्छ भन्ने होइन। यसअघि ऋण लिने पहिलो सर्त हो, ऋणको साँवा र ब्याज आफैंले आम्दानी गरेर तिर्न सक्ने भरपर्दो र टिकाउ आधार। अर्थात्, ऋणमा टिक्ने परियोजना देशले थेग्न सक्ने गरी मात्र हुनुपर्छ। थेग्न नसक्ने ऋण लिए दीर्घकालीन आर्थिक वृद्धि, बढ्दो व्यापारिक गतिविधि र वैदेशिक लगानी हासिल गर्न असम्भवप्रायस् हुन्छ।

### वैदेशिक ऋणका फाइदा र बेफाइदा

वैदेशिक ऋणको फाइदा भनेको ठूलो लगानीका लागि आवश्यक पुँजी उपलब्ध हुनु हो। यसले वित्तीय कारोबारमा बाहिरी विश्वसँग जोड्छ। बृहत अर्थशास्त्रीय नीति र पद्धति विकास गर्न मद्दत गर्छ। विदेशी राष्ट्रको अनुभव हेर्दा वैदेशिक ऋणका धेरै बेफाइदा देखिएका छन्। पहिलो बेफाइदा हो, विदेशी मुद्राको विनिमय दर परिवर्तन भएर साँवारब्याज बढ्ने ठूलो जोखिम। अर्को बेफाइदा, साँवा र ब्याज वार्षिक रुपमा भुक्तानी गर्दा देशको संकलित वैदेशिक मुद्रा र कोषको ठूलो भाग विदेश पुग्छ। अनि ऋण लिँदा न्धस्ठूलो परिणाममा पुँजी देशभित्र आउँछ। यसले मूल्य वृद्धिदर बढेर समाल्नै नसक्ने गरी अर्थतन्त्रमा असर पर्न जान्छ।

### वैदेशिक ऋणका समस्या

अर्थतन्त्रको स्थायित्व र आर्थिक कार्य-सम्पादन निर्देशित गर्न आन्तरिक स्रोत र वैदेशिक ऋणले महत्वपूर्ण भूमिका खेल्छन्। धेरै विकासोन्मुख देश वैदेशिक ऋणबाट पीडित छन्। ती देशले आर्थिक विकासका लागि भनेर ऋण लिन्छन्, तर त्यही ऋणमा थिचिएर उठ्न सक्दैनन्। उल्टो तिनको अर्थतन्त्र कमजोर र निरीह बन्छ। विगतमा बलियो व्यवस्थापन भएका अर्थतन्त्रहरु ऋण लिएपछि भ्रष्टाचार र पैसा विदेश लाने खेलले डरलाग्दो गरिबी र छिन्नभिन्न अर्थव्यवस्थामा पुगेका छन्। सन् ६० दशकमा अफ्रिकी देशहरुमा स्थायित्व र विकास थियो। जब विकास अझै बढाउने भनेयर अन्धाधुन्ध वैदेशिक ऋण लिए, तब आर्थिक रुपमा अरु पछाडि धकेलिए। त्यही दशकमा ल्याटिन अमेरिकाका देशको अनुभव पनि अफ्रिकीको भन्दा अलग छैन। किन त्यस्तो भयो भन्दा, ती देशले वैदेशिक ऋणले आफ्नो अर्थतन्त्रमा कसरी नकारात्मक प्रभाव पार्नसक्छ भन्ने पूर्वानुमान गरेनन्। लगानीका लागि ऋणपुँजी पाउँदा आँखा चिम्लेर लिए। त्यही ऋणले पैदा गरेको संकटबाट बाहिर निस्कन सकेनन्। तसर्थ, कुनै पनि देशले ऋण लिनुपूर्व केही बुँदामा पर्याप्त ध्यान पुर्याउनुपर्छ-

- अति उदार र आत्मविश्वासी भएर आर्थिक विकास हासिल गर्छु भन्ने सोचले जथाभावी ऋण लिन पुगिन्छ। यसले ठूलो समस्या आउँछ। साथै, ऋणदातामा पनि सम्भावित समस्या आकलन नगरी ऋण दिने लालसा र चाहना बढी भए यस्तो स्थिति आउँछ। उदाहरणका लागि श्रीलंकाको ह्याम्बनटोटा बन्दरगाहलाई लिन सकिन्छ। यसमा ऋणदाता चीन र ऋणी श्रीलंका दुवै ऋण लिनरदिन अति उत्साही भएर समस्या आएको छ।
- लगानी गलत ठाउँमा हुने र आवश्यक प्रतिफल नहुँदा साँवा र ब्याज तिर्न गाह्रो हुन्छ। विकासोन्मुख देशमा आवश्यक सीप, साधन र पूर्वाधार नभएर ऋण लगानी सही नहुँदा यो अवस्था आउन सक्छ।
- स्वदेशी मुद्राको विदेशी मुद्रासँगको विनिमय दर कम भए साँवा र ब्याज रकम बढ्छ।
- अन्तर्राष्ट्रिय बजारमा वस्तुको मूल्य कम भई निर्यातबाट हुने आम्दानी घट्दा साँवारब्याज तिर्न समस्या हुन्छ। सन् १९८२ मा मेक्सिकोमा ठ्याक्कै यही समस्या आएको थियो।
- बाहिरी राष्ट्रमा विवाद र आर्थिक मन्दी भएर स्वदेशी वस्तुको माग घट्न गए कुल गार्हस्थ्य उत्पादन पनि घट्न सक्छ।
- साँवा र ब्याज विदेशी राष्ट्रलाई बुझाउँदै गर्दा स्वदेशी वा विदेशी मुद्राको ठूलो धनराशि बाहिर जान्छ। यस्तोमा लगानीका लागि पुँजी उपलब्धता कम हुन्छ। जसले अन्ततस् कुल गार्हस्थ्य उत्पादन घटाउँछ। यो रकम देशमै लगानी गरी सार्वजनिक क्षेत्रमा सुधार ल्याउन सके आर्थिक विकासमा टेवा पुग्न सक्थ्यो।
- दिगो नहुने वैदेशिक ऋण बढ्दै जाँदा यसले विदेशी र निजी क्षेत्रको लगानी दुरुत्साहित गर्छ।
- ब्याज तिर्न नसकेको अवस्थामा थप विदेशी ऋण लिनुपर्ने बाध्यता आइलाग्नसक्छ। त्यो हुँदा ऋणको मात्रा र समस्या बढेर सुल्झाउनै नसक्ने गरी गुजिल्टिएर जानसक्छ।
- ऋणको दलदलमा फसेकाले राष्ट्रले ऋण पाउने विश्वसनीयता खस्कँदै जान्छ। अरु ऋण वा लगानी अवसर गुम्न सक्छ। सस्तो दरको ऋण नपाउने वा विदेशी लगानी नआउने समस्या पैदा हुन्छ। विगतमा ऋणको अनुपात बढेर जाँदा सहारा क्षेत्रका विकासोन्मुख अफ्रिकी देशका ऋण पाउने विश्वसनीयता घटेको थियो।
- राजनीतिक स्थिरता नहुँदा पनि ऋणको सही प्रयोग र व्यवस्थापन हुन सक्दैन।

### कोसँग लिने वैदेशिक ऋण ?

आ-आफ्ना राजनीतिक र आर्थिक चासोका कारण चीन र भारत नेपालमा आफ्ना भूमिका बढाउने होडबाजीमा छन्। यसका लागि उनीहरु प्रशस्त ऋण दिन तयार देखिन्छन्। नेपालले दुवै देशसँग ऋण लिएर यिनैबाट परियोजना काम गराउँदा जोखिम हुन्छ। हामी चीन र भारतजस्ता देशसँगको सम्बन्ध बिगार्न सक्दैनौं। उनीहरूसँग ऋण लिनु अरु जोखिम हुन्छ। ऋण लिँदा भोलि साँवा र ब्याज तिर्न समस्या परे वा तिर्न नसक्ने भए मिनाहा हुनसक्ने अवस्था हेर्नुपर्छ। त्यस्तो ऋणदाता खोज्नुपर्छ, जसले भोलि अप्ठ्यारोमा मिनाहा गर्न सकोस्। विश्व बैंक, एसियन डेभलपमेन्ट बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, बैंक फर इन्टरनेसनल सेटलमेन्ट, अन्तर्राष्ट्रिय फाइनान्स कर्पोरेसनजस्ता संस्थासँग लिएको ऋण तुलनात्मक रुपमा मिनाहा गर्न सजिलो हुन्छ। कुनै देशको सरकारी वा निजी संस्थाले सजिलै ऋण मिनाहा गर्दैनन्। जस्तै, श्रीलंकाले ह्याम्बनटोटा बन्दरगाह बनाउन चीनको सरकारी संस्थाबाट ऋण लिएकाले मिनाहा हुन सकेन।

यहाँ प्रश्न उठ्छ, के यी अन्तर्राष्ट्रिय संस्थाहरु प्रस्तावित 'केरुङ-काठमाडौं रेलमार्ग' परियोजनामा ऋण दिन सहमत छन् ? यी संस्था तब सहमत हुन्छन्, जब परियोजनाले आफैं आम्दानी गरेर ऋण तिर्ने सामर्थ्य राख्छ। यी संस्थाबाट ऋण लिनु धेरै हदसम्म सही हुनसक्छ।

### अन्य देशको अनुभव

विकासोन्मुख देशहरुले लिएको ऋण सफल भएको इतिहास लगभग छैन। ऋण लिएपछि प्रायस् ती देशमा वित्तीय समस्या आएको तथ्य छ। ८० दशकमा ल्याटिन अमेरिकी देशहरूमा ऋण ठूलो समस्याका रुपमा उदाएको थियो। १९८२ मा मेक्सिकोले साँवा र ब्याज तिर्न नसक्ने जानकारी दिएपछि यो समस्या सुरु भएको थियो। ६० र ७० दशकमा ब्राजिल, अर्जेन्टिना र मेक्सिकोले औद्योगिकीकरणका लागि पूर्वाधारमा लगानी गर्ने भन्दै धेरै ऋण भित्र्याएका थिए। त्योबेला यी देशको अर्थतन्त्र बढ्दो थियो, त्यसैले ऋणदाताहरु लगानी गर्न उदार थिए। पश्चिमी देशका निजी बैंकहरुले अरबका तेल उत्पादक देशबाट सहजरुपमा पैसा पाएका थिए। उनीहरू यो पैसा सरकारी ऋणपत्रमा लगानी गर्न उत्साहित भए। भविष्यमा तेल बिक्रीबाट हुने आम्दानीको धितोमा मेक्सिकोले व्यापक ऋण लिएको थियो। जब विश्व बजारमा तेलको मूल्य खस्कियो, तब मेक्सिकोको अर्थतन्त्र धरापमा पर्यो। उसले ऋण तिर्न नसक्ने घोषणा गर्यो। यही अवस्था अर्जेन्टिना, ब्राजिल र चिलीमा पनि आयो। ९० दशकमा मेक्सिको, थाइल्यान्ड, फिलिपिन्स, दक्षिण कोरिया, हङकङ, सिंगापुर, ताइवानजस्ता पूर्वी-एसियाका देश, रसिया, ब्राजिल र अर्जेन्टिनामा फेरि ऋण समस्या दोहोरिएको थियो। १९९४-९८ मा उत्तर कोरिया पनि ऋण तिर्न नसकी टाट उल्टेको थियो।

अफ्रिकी राष्ट्रहरुको आफ्नै अनुभव र पीडा छ।

१९५०-६० दशकलाई 'स्वर्ण युग' मानेका अफ्रिकी देशसँग १९७० अघिसम्म वैदेशिक ऋण लगभग शून्य थियो। उक्त समयमा उनीहरुलाई आउने वैदेशिक सहायता पनि नाम मात्रको थियो। ७० दशकयता अफ्रिकी राष्ट्रहरुले करिब १० खर्ब डलर ऋण पाए। यी देशले लिएको त्यो ऋण कि व्यक्तिको विदेशी खातामा राखिने कि पश्चिमी देशबाट आएका परियोजना परामर्शदाताहरुलाई तिरेर सकिँदो रहेछ। सर्तअनुसार साँवा र ब्याज तिर्न यी देशले आफ्नो सामाजिक खर्च र गतिविधिमा उल्लेख्य कमी ल्याउनुपर्ने अवस्था आएको थियो। जसको परिणाम हाल अफ्रिकी देशहरुको प्रतिव्यक्ति आय १९७० दशक भन्दा कम छ। ३५ करोड जनता दिनको एक डलरभन्दा कम आयमा गुजारा चलाउँछन् र यो संख्या दुई दशकमा दोब्बर भएको छ। २००८-०९ को मन्दीपछि पोर्चुगल, इटाली, आयरल्यान्ड, ग्रिस र स्पेनमा आएको वैदेशिक ऋणको संकट २०१५ सम्म तानिएको थियो। हाल मुस्किलले टरेको छ। ग्रिस लगभग टाट उल्टेको थियो। स्पेन र पोर्चुगलको अवस्था अति खराब थियो। अहिले पोटोंकिो यही समस्यासँग जुध्दै छ। चीनबाट लिएको ऋणले पैदा गरेको समस्याबाट त्राण पाउन हालै मात्र श्रीलंकाले आफ्नो ह्याम्बनटोटा बन्दरगाह ९९ वर्षका लागि चीनलाई नै सुम्पेको छ। वैदेशिक ऋणले पैदा गरेका यस्ता समस्याका उदाहरण संसारमा अरु थुप्रै छन्।

### निष्कर्ष

ऋण एक आवश्यक, तर दुष्टकर व्यवस्था हो। वैदेशिक ऋण त झनै कष्टकर छ। तुलानात्मक रुपमा आन्तरिक ऋण धेरै सरल र अतिकम जोखिम हुन्छ। आन्तरिक होस् वा वैदेशिक, ऋणलाई पूर्ण रुपमा नकार्न सकिँदैन। वैदेशिक ऋणबाट भने सकेसम्म टाढै रहनुपर्छ। परियोजना अति नै सफल हुने वा आय गर्न सक्ने नभई वैदेशिक ऋणमा हात हाल्नु हुँदैन। यसको सट्टा वैदेशिक लगानीमा जोड दिनु उपयुक्त हुन्छ। आन्तरिक ऋणबाट परियोजनामा लगानी गर्न सके पनि जोखिम धेरै कम हुन्छ। आर्थिक रुपमा एकदमै सम्भाव्य परियोजनाहरु विदेशी लगानी वा आन्तरिक ऋणबाट गराउने हो भने यो समृद्धिको ढोका बन्न सक्छ, अन्यथा दुरुह छ। ल्याटिन अमेरिकी, अफ्रिकी, एसियाली र केही युरोपेली राष्ट्रको दृष्टान्त हेर्दा वैदेशिक ऋण समृद्धिको ढोका होइन, अभिशाप भएको छ। हालै ग्रिस र पोर्चुगलजस्ता धेरै ऋण हुने देशका कारण युरोपियन युनियनभित्र र अन्तर्राष्ट्रिय पुँजी बजारमा समेत ठूलो समस्या पैदा गरिदिएको थियो। ग्रिस डुबिसकेको थियो, पोर्चुगल डुब्ने खतरामा थियो। यिनले अन्य युरोपेली देशलाई पनि आफैंसँग तानेर डुबाउने थिए, जसको असर विश्वका अन्य देशमा पनि फैलिने थियो। वैदेशिक ऋणले आन्तरिक अर्थ व्यवस्थाको हरेक पक्ष खल्बल्याइदिन्छ। हाम्रोजस्तो अति कमजोर अर्थतन्त्र र अतिकम विकसित देश अन्धाधुन्ध 'वैदेशिक ऋण' लिने होडमा लाग्ने हो भने यो सिधै अर्थतन्त्र धरासायी बनाउने र देशलाई टाट उल्टाउने बाटोमा उद्यत हुनु हो। अहिलेको वातावरणमा हामीसँग वैदेशिक ऋणलाई सही प्रयोग गर्न त्यो तहको अनुभव, क्षमता र सीप छैन। मित्रराष्ट्रहरुले अनुदान सहयोगमा दिएका आयोजनासमेत हामी चलाउन नसकेर बसेका छौं। यस्तो अवस्थामा के हामीले वैदेशिक ऋण लिएर ठूल्ठूला आयोजना सफलतापूर्वक सम्पन्न गरौंला त ? यो विकासप्रतिको नकारात्मकता नभई वैदेशिक ऋणप्रतिको सतर्कता हो, जोखिमबारे पूर्वानुमान हो। त्यसैले वैदेशिक ऋण भने, सुने र देखेजस्तो सजिलो हुँदैन।

# यसरी गएका छन्- संघीय संरचनामा अमेरिकी बैंकहरु

रुपा कोइराला

संयुक्त राज्य अमेरिकामा ५० वटा प्रदेश रहेका छन्। यहाँको केन्द्रीय बैंक फेडरल रिजर्भ सिस्टम हो। १९०७ को बैंकिङ संकटपछि आएको फेड रल रिजर्भ ऐनअन्तर्गत फेडरल रिजर्भ सिस्टमको स्थापना १९१३ मा भएको थियो। मुलुक संघीयतामा गइसकेपछि कांग्रेसले ग्लास स्टेगल एक्ट, द बैंक होल्डिङ कम्पनी एक्ट, द फेडरल रिजर्भ रिफर्म एक्ट, द ग्राम लिच ब्लिली एक्ट र द डड फ्रांक एक्ट जस्ता थुप्रै ऐम कानुनहरुको निर्माण गरी पद तथा जिम्मेवारीको बाँडफाँड संघीयताअनुसार गरेको थियो। बैंकिङ प्रणाली र अर्थतन्त्रको स्थिरतालाई कायम राख्नका लागि फेडरल रिजर्भले थुप्रै कदमहरु चालेको छ। अमेरिकाको मौद्रिक नीति सार्वजनिक गर्ने, बैंकहरुको नियमन गर्ने र अमेरिकी सरकारलाई वित्तीय प्रणाली विकासमा सघाउ पुर्याउने काम फेडरल रिजर्भले गर्दै आएको छ। फेडरल रिजर्भलाई स्वतन्त्र अंग भनिए तापनि यसले लिएका निर्णयहरु राष्ट्रपति अथवा कांग्रेसले सिधै स्वीकार गर्दैन। त्यसबीचमा थुप्रै सल्लाह त था सुझाव संकलनका साथमा विभिन्न अंगहरुबीच सहकार्य हुन्छ।

### फेडरल रिजर्भ बोर्ड

फेडरल रिजर्भ सिस्टम गभर्नरहरु र अध्यक्ष सम्मिलित समितिद्धारा गरिन्छ। यो समितिमा अध्यक्षसहित अमेरिकी राष्ट्रपतिद्धारा चुनिएर संसदबाट स्वीकृत भएका सात सदस्य रहन्छन्। यी सदस्यहरुले फेडरल ओपन मार्केट कमिटि ( एफएमओसी) मा रहेर काम गर्छन्। एफएमओसी र फेडरल रिजर्भ बोर्डको कार्य तथा उत्तरदायित्व लगभग उस्तै हुन्छन्। समितिले छुट दर र रिजर्भ आवश्यकता जस्ता केही महत्वपूर्ण नीतिहरु बनाउँछ।

### फेडरल ओपन मार्केट कमिटि (एफएमओसी)

एफएमओसीले मौद्रिक नीति तयार गर्छ। यो समितिमा फेडरल रिजर्भ बोर्डका सात सदस्यका साथमा रिजर्भ बैंकमा अन्य पाँच प्रमुखहरु रहन्छन्। यसममध्ये एक जनाको स्थान हरेक एक वर्षमा परिवर्तन हुन्छ। उक्त कमिटिमा न्युयोर्क फेडरल रिजर्भ बैंकका प्रमुखको भने स्थायी स्थान रहेको छ। उक्त कमिटिका वार्षिक वैठकहरु सर्वसाधारणका लागि बन्द गरिएका छन्। यद्यपि, बैठक पछि वैठकमा भएका मूख्य निर्णयहरु भने सार्वजनिक गरिन्छ।

### फेडरल रिजर्भ बैंकहरु

अमेरिकामा १२ वटा क्षत्रीय रिजर्भ बैंकहरु रहेका छन् जसले मुद्रा प्रदाय र फडरल रिजर्भको नीति कार्यान्वयनमा मद्दत गर्दछन्। यी बैंकहरु एट्लान्टा, बोस्टन, सिकागो, क्लिभल्याण्ड, डल्लास, केन्सस सिटी, मिन्निपोलिज, न्युयोर्क, फिलाडेल्फिया, रिचमण्ड, सेन्ट लुइस र सान फ्रान्सिसकोमा रहेका छन्। सम्पत्तिका हिसाबले १२ वटामध्ये न्युयोर्क फेडरल रिजर्भ सबैभन्दा ठूलो रहेको छ। फेडरल रिजर्भ बैंकहरु संघीय मुद्राको संचितकर्ता एवम् सरकारी कारोबारको भुक्तानी एजेन्टका रुपमा काम गर्छन्। अमेरिकाका कमर्सियल बैंकहरुमा मुद्रा वितरण गर्ने, साना सदस्य बैंकहरुलाई कर्जा दिने र आआफ्नो क्षेत्रका कमर्सियल बैंकहरुको नियमन गर्ने काम यी बैंकहरुले गर्दछन्।

### फेड अपरेसन

फेडरल रिजर्भ बोर्ड (फेड)ले खुला बजार संचालन जस्तै, सरकारी धितोपत्रको किनबेच मार्फत मुद्रा प्रदाय परिवर्तन गर्न सक्छ। फेडले मुद्रा प्रदाय बढाउन चाहेमा बजारमा गएर बैंक्हरुबाट विभिन्न बण्डहरु खरिद गर्छ। यसबाट प्राप्त नगद बैंक्हरुले कर्जाको रुपमा प्रवाह गर्न पाउँछन्। त्यस्तै, बजारबाट रकम प्रशोचन गर्नुपरेमा सोही फण्डहरु विक्री गर्ने गर्दछन्। दोस्रो कुरा, फेडले बैंकहरुको जगेडाकोषको आवश्यकतालाई पनि बदल्न सक्छ। बैंकहरुले जगेडाको रुपमा निक्षेपको कति प्रतिशत होल्ड गरेर राख्छन् भन्ने कुरामा मुद्रा प्रदाय निर्भर गर्दछ। बैंकहरुमा जगेडा बढ्दा मुद्रा प्रदाय घट्छ भने बैंकहरुमा जगेडा घट्दा मुद्रा प्रदाय बढ्न जान्छ। बैंकहरुले अनमति भएजति सबै रकम सँधै कर्जाको रुपमा प्रवाह गर्दैनन्। यद्यपि, रिजर्भ रिक्वायरमेन्टको फेरबदलका कारण बैंकिङ क्षेत्रमा अस्थिरता पैदा हुन सक्छ। त्यसैले, यो अधिकार फेडले समान्यतयाः प्रयोग गर्दैन। यसबाहेक, फेडरल रिजर्भले व्ज्ञाजदरका माध्यमबाट पनि मुद्रा प्रदायलाई प्रभाव पार्न सक्छ। फेडले प्रत्यक्ष रुपमा कुनै ऋणी व्यक्तिले कर्जा लिनका लागि लाग्ने शूल्क तोक्दैन तर व्याजदरमार्फत लिन्छ। फलस्वरुप, फेडले व्याजदर बढाउँदा उक्त व्याजदरले फेडरल रिजर्भको मातहतका सबै बैंकहरुलाई काम गर्छ। विशेषगरी उच्च कर्जा दर र न्युन कर्जा अभ्यासलाई यसले प्रभाव पार्दछ। फेडले आवश्यक परेमा बैंकिङ प्रणालीका लागि ऋणीको भूमिका समेत निभाउँछ। साथमा नियामक र तथ्यांक संकलन र विश्लेषकको काम पनि गर्छ।

### फेड सिस्टमका बारेमा तर्कवितर्क

फेडरल बैंकको वैधता र उपयोगिता सर्वमान्य छैन। राष्ट्रिय बैंकको वैधानिकताका विषयमा सँधै विवाद हुने गरेको छ। साथमा संघीय सरकारले उक्त बैंकमार्फत अर्थतन्त्रको योजना बनाउने र नियन्त्रण गर्ने विषयमा पनि बहस हुने गरेको छ। इतिहासदेखि नै केही फेड नीतिहरुमाथि बारम्बार आलोचना हुने गरेको छ। केहीले फेडको मौद्रिक नीति अति नै कसिलो भएको र यसले बेरोजगार पैदा गरेको बताउँछन् भने अर्काथरि मौद्रिक नीति अति नै खुकुलो भएकाले डलरको अवमूल्यन र मूल्यवृद्धि भएको तर्क राख्छन्। १९औं शताब्दीको हरेक दशकमा भोगिएको बैंकिङ संकटको अनुभवका वावजुद पनि अमेरिकामा सो समयमा केन्द्रीय बैंक थिएन। फेडले मौद्रिक नीतिको उचित व्यवस्थापन गर्न नसक्ने र अस्थिरता बढाउने कतिपयको भनाइ छ। फेडले मुलुकको अर्थतन्त्रमा अत्याधिक हस्तक्षेप गर्ने गरेको केहीको विश्लेषण छ। केही विश्लेषकले भने फेडले राजनीतिक प्रशासनलाई समायोजन गर्ने इच्छा देखाएको र यसले पुंजी बढाउन र निरन्तरता दिन मद्दत गर्ने बताएका छन्।

### बैंकका प्रकार

अमेरिकामा विभिन्न प्रकारमा बैंक तथा वित्तीय संस्थाहरु संस्थाहरु संचालनमा छन्। सुरुमा यी संस्थाहरु धेरै फरक थिए। अहिले भने लगभग उस्तै भएका छन्। कमर्सियल बैंकहरु व्यापार क्षेत्रमा सेवा दिनका लागि स्थापना भएका बैंक हुन्। कमर्सियल बैंकहरु अमेरिकाको व्यापार तथा वित्तीय क्षेत्रको एउटा महत्वपूर्ण पाटो हुन्। अहिले अमेरिकामा एफडिआईसीले इन्स्योर्ड गरेका पाँच हजार एक सय दुई वटा कमर्सियल बैंकहरु रहेका छन्। जेपी मोर्गन अमेरिकाको सबैभन्दा ठूलो बैंक हो। यसबाहेक, न्युन आम्दानी भएका कामदारहरुको रकम बचत गर्नका लागि सेभिङ बैंक स्थापना गरिएका छन् भने सेभिङ एण्ड लोन एसोसिएसनहरु र सहकारी बैंकहरु न्युन आम्दानी भएका बैंकहरुलाई घर किन्ने वातावरण बनाइदिनका लागि स्थापना भएका छन्। त्यस्तै, एउटै संस्थामा काम गर्ने अथवा एउटै समुदायमा बस्ने मानिसहरुले यस्तो युनियन बनाएका छन्। यसको उद्देश्य मानिहरुलाई आकस्मिक कर्जा दिनु रहेको छ। इन्भेष्टमेन्ट बैंकहरुले लगानीसम्बन्धी सल्लाह सुझाव दिने, सेयर तथा कोषहरुको खरिदविक्री गर्ने लगायतका काम गर्छन्। यस्ता बैंकहरुले निक्षेप संकलन र कर्जा प्रवाहको काम भने गर्दैनन्।

# कसरी छान्ने असल जीवनसाथी ?

जुनीभरको लागि एक अर्काको सुख दु:खमा साथ दिइ सँगै बाँच्ने सँगै मर्ने कसम खाँदै वैवाहिक बन्धनमा बाँधिनुलाई हाम्रो सँस्कृतिमा धेरै महत्वपूर्ण मानिन्छ । पश्चिमा सँस्कृतिमा विवाहको केहि समयपश्चात नै सम्बन्ध विच्छेद गर्ने, विवाह नै नगरि लिभिङ टुगेदरमा बसेर बच्चा जन्माउने जस्ता चलनलाई सामान्य मानिए पनि हाम्रो नेपाली समाजमा भने अझै पनि विवाहको विशेष महत्व रहेको छ । त्यसैले विवाहलाई हाम्रो जिन्दगीको सबैभन्दा महत्वपूर्ण निर्णय मानिन्छ । वैवाहिक सम्बन्ध सुमधुर बनाउन पतिपत्नी दुवैले समयसँगै आइपर्ने विभिन्न किसिमका परिक्षाहरु सँगसँगै पार गर्नुपर्ने हुन्छ ।



वैवाहिक जीवन सफल बनाउन तपाईले आफ्नो सम्बन्धलाई गम्भिरतापूर्वक सोचेर त्यसमा सहभागी हुनुपर्छ । यसो गरेमा तपाईहरुले एक अर्कालाई छिटै बुझ्न सक्नुहुन्छ । एक अर्कासँग तालमेल मिलाउनुलाई वैवाहिक सम्बन्धमा सबैभन्दा कठिन परिक्षा मानिन्छ । तर तपाईले केहि ससाना कुरामा ध्यान दिनुभयो भने यो कठिन काम पनि तपाईले सजिलै पुरा गर्न सक्नुहुन्छ । त्यस्तै विवाहमा नभइनहुने अर्को सबैभन्दा महत्वपूर्ण कुरा भरोसा हो । कुनै पनि सम्बन्ध टिकाउन वा टुटाउनमा यसको नै हात हुन्छ । वैवाहिक सम्बन्धको सुरुवातमा अगाडि बढ्दै जाँदा दुई जनाबीचमा कस्तो सम्बन्ध हुन्छ भन्ने तपाईलाई थाहा नहुन सक्छ तर, केहि समयको अन्तरालमै तपाईले पक्कै पनि यसको सहि अनुमान लगाउन सक्नुहुन्छ । त्यसैले आफ्नो सम्बन्धलाई सफल बनाउन धेरै मेहनत गर्नुपर्छ ।

वैवाहिक जीवन सफल र सुमधुर बनाउनको लागि जो कोहिलाई पनि असल जीवनसाथीको खाँचो हुन्छ । असल जीवनसाथी छान्न धेरैलाई दोधार हुने गर्छ र सबैले सहि निर्णय लिन सक्दैनन् । हाम्रो सँस्कृतिमा पटकपटक विवाह गर्नुलाई त्यति नरुचाइने हुँदा धेरै सोचविचार गरेका आफ्नो भविष्यको निर्णय गर्नुपर्छ । त्यसैले तपाई पनि आफ्नो पति असल र मायालु होस भन्ने चाहनुहुन्छ भने यसरी विवाह पहिले नै यसरी आफ्नो हुनेवाला पतिको बारेमा थाहा पाउनुहोस्:

यदि तपाई कुनै पुरुषलाई आफ्नो जीवनसाथी बनाउने बारेमा सोचिरहनुभएको छ भने विवाह पहिले उनीहरुको साथमा केहि समय बिताउनुहोस । यसले तपाईलाई उसको बारेमा बुझ्ने मौका मिल्छ र दुवैजना एकअर्काको लागि कति सहि हुनुहुन्छ भनेर तपाईले थाहा पाउन सक्नुहुन्छ । आफू र पार्टनरको बीचको कम्प्याटिबिलिटी थाहा पाउन विवाह भन्दा पहिला यी ४ काम गर्नुहोस् जसले तपाईलाई आफ्नो वैवाहिक जीवन कस्तो हुनेछ भन्ने थाहा हुन्छ ।

रिस देखाउनुहोस भन्दा साँच्चै नै फेरि रिसाएर तपाईले आफ्नो सम्बन्ध नै तोड्ने त हैन नी । तर, जब कुरा विवाहको आउँछ त्यतिखेर थोरै रीस देखाएर तपाईले अगाडिको मानिसको प्रेम जित्न सक्नुहुन्छ ।

तपाई एकपटक उसको अगाडि रिसाएर हेर्नुहोस् र तपाई धेरै आक्रोशपूर्ण महिला हो भन्ने जस्तो देखाउनुहोस् । यसपछि पनि उ तपाईको साथमा रहन चाहन्छ वा चाहँदैन भन्ने हेर्नुहोस् । यदि उ फेरि पनि तपाईको साथमै हुन्छ भने यसको मतलब उ पुरै जिन्दगी तपाईसँग बिताउन चाहन्छ ।

यसो गर्दा तपाईलाई उनीहरुको सहनशक्ति थाहा हुन्छ । विवाहपछि घरको आवश्यकताका सामान एकैसाथ किन्नुपर्छ तर यदि तपाई पहिले देखि नै यस्तो गर्नुहुन्छ भने उनीहरुलाई के मनपर्छ र के मनपर्दैन भन्ने तपाईलाई थाहा हुन्छ । यदि उसलाई यो सब मन पर्दैन भने उसले तपाईसँग सामान किन्न नजाने बहाना बनाउन सक्छ र तपाईले एक्लै यो काम गर्न पर्छ । त्यस्तै तपाईलाई विवाह पछि उसले यस्तो काममा साथ दिन्छ कि दिँदैन भन्ने थाहा हुन्छ ।

उसलाई तपाईको रहस्यलाई राम्रोसँग लुकाउन आउनुपर्छ । यदि तपाईको कुनै रहस्य छ भने त्यसलाई एकपटक उसको सामु व्यक्त गरेर हेर्नुहोस् । यदि तपाई उ सँग विवाह गर्न चाहनुहुन्छ भने उसलाई तपाईको रहस्यको बारेमा थाहा हुन पर्छ । तपाईले आफ्नो रहस्य बताएपछि उसले पनि आफ्नो जीवनको रहस्य बतायो भने तपाईले उसलाई विश्वास गर्न सक्नुहुन्छ ।

उसले तपाईलाई कम्तिमा पनि एकपटक रोएको देख्नु जरुरी हुन्छ । यसले तपाईप्रति उसको केयरिङ स्वभावको बारेमा थाहा हुन्छ । यसो गर्दा तपाई दुखी हुनुहुन्छ भने यसले उसलाई कुनै पनि फरक पर्छ वा पर्दैन भन्ने थाहा पाउन सक्नुहुन्छ । यस्तो गर्नु उनीहरुको सहानुभूती र दयालुपनको परिक्षण गर्ने पनि तरिका हो ।

**हुनेवाला जीवनसाथीबाट के अपेक्षा राख्नु हुन्छ ?**

हुनेवाला जीवनसाथीलाई लिएर सबैको मनमा आ-आफ्नै इच्छा हुन्छ । कोही आफ्नो भविष्यको जीवनसाथी सपनाको राजकुमारलाई बनाउन चाहन्छन् , त कोही आफूले सबैभन्दा धेरै मन पराएको व्यक्तिलाई नै आफ्नो जीवनसाथीको रुपमा हेर्न चाहन्छन् । जसबाट उनीहरुले माया, प्रेम, विश्वास लगायतका विभिन्न कुराको अपेक्षा राख्ने गर्छन् । यस्ता अपेक्षा पुरुषहरुले महिलाबाट मात्र हैन, महिलाहरुले पुरुषबाट पनि राख्ने गर्छन् ।

कुनै पनि महिलाले आफ्नो श्रीमान् बाट गर्ने अपेक्षा भनेकै उनीहरु बीचको विश्वास हो । कुनै महिलाले आफ्नो श्रीमान् संस्कारी हुनुका साथै समझदार तथा विश्वासिलो होस् भन्ने अपेक्षा राख्छन् । त्यस्तै, आफूलाई बुझ्ने तथा भरोसा गर्न लायक श्रीमान्को अपेक्षा गर्छन् । उनीहरु सोच्छन्, मेरो श्रीमान् यस्तो होस्, जसमाथि मैले आँखा बन्द गरेर विश्वास गर्न सकुँ । मैले गल्ती गरे मलाई सम्झाओस् तथा राम्रो गर्दा मलाई स्यावासी दिओस् । विना गल्ती मलाई गाली नगरोस् र विना अर्थ ममाथि शंका नगरोस् । त्यतिमात्र हैन, कुनै पनि महिलाले आफ्नो श्रीमान्बाट गर्ने अपेक्षा भनेको आफ्नो कमाईमा हक नजताओस् भन्ने पनि हो ।

धेरै महिलाहको चाहना हुन्छ, मेरो श्रीमान्ले मलाई त्यसरी नै अपनाओस्, जस्तो कि म अहिले छु । मलाई कुनै पनि हालतमा परिवर्तन गर्न नखोजोस् । किनकी हरेक व्यक्तिको आ-आफ्नै विशेषता हुन्छ । र एउटालाई चित्त बुझेन भन्दैमा अर्कोलाई परिवर्तन गर्नु पक्कै पनि बुद्धिमानी हैन ।

हरेक महिलाको इच्छा हुन्छ, उसको श्रीमान् समाज तथा परिवारमा अब्बल होस् । हरेक मुल्य मान्यतयालाई आदर गर्ने खालको होस् । साथै परिवारमा बस्ने, परिवारलाई समय दिने खालको होस् । किनकी परिवार बीच घुलमिल हुनसक्ने व्यक्तिले नै आफ्नो सम्बन्धलाई मजबुतीका साथ अगाडी बढाउन सक्दछन् ।

स्वार्थी तथा उत्ताउलो किसिमको मानिस जो कसैलाई मन पर्दैन । त्यसो भन्दैमा कुनै पनि महिला उसको श्रीमान् दानवीर कर्ण होस् भन्ने पनि चाहना राख्दैनन् । यत्ति हो की परेको बेला धैर्यधारण गरी आवश्यकता अनुसार पैसा खर्च गर्न सक्ने होस् भन्ने चाही अवश्य चाहना राख्छन् । कुनै पनि महिला आफ्नो श्रीमान् जिम्मेवार भएको हेर्न चाहन्छिन् । किनकी जिम्मेवारी वहन गर्ने मानिसले आफ्नो जिम्मेवारी पनि राम्ररी पूरा गर्न सक्दछन् ।

भनिन्छ, जो मानिसले आफ्नो आमा तथा बहिनीको इज्जत गर्दैन, उसले कसैको पनि इज्जत गर्न सक्दैन । त्यसैले, विवाह गर्ने उमेर भएका हरेक महिला यस्तो पुरुषको खोजीमा रहने गर्छन्, जो महिलालाई भरपूर इज्जत तथा सम्मान गरोस् ।

विवाह वन्धनमा बाधिने पुरुष तथा महिलाहरुले आफ्नो विवाहको महत्वलाई बुझ्न् आवश्यक छ । जबसम्म उनीहरुले विवाहको महत्वलाई बुझ्न सक्दैनन् , तबसम्म उनीहरुले विवाह पश्चात्त सुरु हुने बाधा अड्चनहरुलाई हटाएर सौहार्द वातावरणमा जीवनयापन गर्न सक्दैनन् ।

हरेक महिलाको सपना हुन्छ, विवाह पश्चात्त उसको हरेक सपना पूरा होस् । यसका लागि उनीहरुले सधैभरी आर्थिक रुपले सवल श्रीमान्को अपेक्षा राख्छन् । ताकी, कुनै कुरा मन परेमा वा चाहिएमा मन मार्न नपरोस् ।

भनिन्छ, जो आफूलाई माया गर्छन्, अरुलाई पनि उत्तिकै माया गर्छन् । महिलाहरु यस्ता पुरुष पक्कै पनि चाहदैनन्, जो आफ्नो मात्र ख्याल गरोस् वा अरुको मात्र ख्याल गरोस् । उनीहरु चाहन्छन्, आफ्नो श्रीमानले आफ्नो मात्र हैन, अरुको पनि ख्याल गरोस् ।

महिलाहरु यस्ता श्रीमान चाहन्छन्, जो परिवारका साथै समाज प्रति पनि जिम्मेवार होस् । र, समाज निर्माणको लागि केही गर्ने चाहना राखोस् ।

जब तपाई खुशी हुनुहुन्छ, तब वरिपरिको वातावरणलाई पनि खुशी राख्न सकिन्छ । र, वरिवरिको वातावरणलाई तब खुशी पार्न सकिन्छ, जब तपाईको सेन्स अफ ह्यूमर राम्रो होस् । किनकी सेन्स अफ ह्यूमर राम्रो भए मात्र कुनै पनि समस्यालाई सजिलै सुल्झाउन सकिन्छ । र, नयाँ नयाँ कुरा गर्न सकिन्छ ।

आज समाज जतासुकै लागेको होस्, हरेक समाजलाई जोड्ने एउटै तत्व हो, विश्वास । विश्वास र भरोसा नै त्यस्तो चीज हो, जसले हरेक सम्बन्धलाई मजबुती प्रदान गर्छ । त्यसैले, हरेक पुरुषको चाहना हुन्छ, आफूले विवाह गर्ने श्रीमति यस्तो होस्, जसलाई मैले आँखा चिम्लेर विश्वास गर्न सकुँ ।

हरेक पुरुषको एउटै अपेक्षा हुन्छ, उसको हुनेवाला श्रीमतिले आफ्नो पनि लाइफ इन्जोई गरोस् । उसलाई पनि इन्जोई गर्न देओस् । साथै सानो सानो कुरामा पनि खुशी भएर घर परिवारलाई पनि खुशी प्रदान गरोस् ।

हरेक श्रीमान, यस्तो श्रीमतिको कल्पना गर्छन् , जो आवश्यक्ता परेको बेला परिवारको आड तथा भरोसा बन्न सकोस् । परिवारलाई एक बनाउन सकोस् । परिवारको मुठ्ठी बनोस् ।

केही महिलाको बानी नै हुन्छ, साटेलाइट सरह श्रीमान्को पछिपछि कुद्ने । जबकी हरेक समय श्रीमान्को पछि पछि लाग्ने बानीले श्रीमान् श्रीमती बीचको सम्बन्धमा भने तिक्तना आउन सक्छ । त्यसैले, हरेक श्रीमान् चाहन्छन्, उसको श्रीमतिले यो कुरा बुझोस् र श्रीमान्लाई पर्याप्त स्पेश प्रदान गरोस् ।

हरेक पुरुषको इच्छा हुन्छ, उसको पत्नी यस्तो होस् , जो बोल्दै नबोले पनि उसको मनको हरेक कुरा बुझ्न सकोस् ।

हरेक पुरुषको चाहना हुन्छ, उसको श्रीमति यस्ती होस् कि ऊ पछि गएर असर आमा बनोस् । ताकी उसको बच्चालाई राम्रो पारिवारिक वातावरण प्राप्त होस् । तर यो कुरा त आमा बनेपछि मात्र थाहा हुने भएकोले अहिले नै भन्न सकिदैन ।

केही महिला आफ्नो श्रीमान्लाई त अपनाउन सक्षम हुन्छन्, तर उसको परिवारलाई भने अपनाउन सक्दैनन् । जबकी कुनै पनि महिला विवाह पश्चात्त एउटा श्रीमती मात्र हुदैन । कसैको बुहारी त कसैको भाउजु पनि हुन्छे । त्यसैले पनि प्राय जसो पुरुष आफ्नो श्रीमतिबाट यही अपेक्षा राख्छन् कि उसले आफूलाई मात्र नभएर आफ्नो परिवारका सदस्यलाई पनि पूर्णतया अपनाओस् ।

हरेक पति आफ्नो पत्नी सर्वगुण सम्पन्न भएको हेर्न चाहन्छन् । त्यसैले, उनीहरु आफ्नो पत्नीलाई लिएर थोरै आशावादी पनि हुने गर्छन् । उनीहरु सोच्छन्, मेरो श्रीमति सुन्दर तथा सुशील मात्र हैन आफ्नो जिम्मेवारी पूर्णतया निभाउने किसिमको होस् । साथै, उसलाई आफ्नो प्राथमिकताबारे जानकारी होस् ।

प्राय सबै पुरुषहरु आफ्नो परिवारलाई उत्तिकै माया गर्छन् । त्यसैले त उनीहरु यस्तो पत्नी चाहन्छन्, जसले आफ्नो माइतीका साथसाथै घरलाई पनि आफ्नो सम्झियोस् र परिवारलाई माया गरोस् । यो कुरा भन्न जति सजिलो छ, उत्तिकै गाह्रो पनि । त्यसैले यसको लागि पुरुषहरुले पनि आफ्नो पत्नीको परिवारलाई आफ्नै परिवार सम्झन जरुरी छ ।

हरेक पुरुषको चाहना हुन्छ, उसको श्रीमति समझदार हुनुका साथै जिम्मेवार होस् । घर परिवारको जिम्मेवारी राम्ररी निभाओस् । र, सानो सानो कुरालाई लिएर पनि ठूलो इस्यु नबनाओस् । साथै, सफा मनको होस् । र, परिवारलाई मिठो मिठो खानेकुरा बनाएर ख्वाउने मिठो कुक होओस् । र घरको हेरचाह राम्ररी गरोस् ।

**किन कोही दाम्पत्य जीवन जीउन चाहँदैनन् ?**

नेपालीमा एउटा भनाई छ, 'जन्म, मृत्यु र विवाह जन्ममै लेखिएर आएको हुन्छ ।' भलै यस्ता कुरालाई आडम्बरको रुपमा लिन सकिएला । यद्यपी हामीले चाहेर पनि जीवनलाई ठिकठाक ढंगले अगाडि बढाउन सकिएको हुँदैन । जस्तो कि, विवाह ।

विवाह गर्नका लागि हामी आफ्नो प्रयासले मात्र पुग्दैन । यसका लागि संयोग नै पर्खनुपर्छ । यस्ता संयोग पर्खदा पर्खदै कतिपयको उमेर छिप्पिन्छ । एउटा निश्चित उमेर पार गरिसकेपछि विवाह असंभव जस्तै हुन्छ । त्यसैले भन्ने गरिन्छ, 'विहे भनेको उमेर छँदै गर्ने हो ।' विवाह गर्नैपर्छ भन्नेमा सबैको राय मिल्छ भन्ने छैन । कतिपय यस्ता हुन्छन्, जो विवाहलाई अनिवार्य ठान्दैनन् । उनीहरु विवाह नगरी एक्लो जीवन बिताउनमै कल्याण मान्छन् । अहिले त केसम्म हुन्छ भने, कुनै पुरुष वा महिलाबाट सन्तान जन्माउने र अविवाहित आमा वा बुवाको रुपमा जीवन विताउने ।

बलिउडका चर्चित निर्देशक तथा निर्माता करण जौहरले विवाह गरेका छैनन् । तर, उनी दुई सन्तानका पिता हुन् । सेरोगेसीबाट उनले बच्चा जन्माएका हुन् । अरुको बच्चा कानुनी प्रावधान पुरा गरेर पालनपोषण गर्ने प्रचलन पनि छ । अर्थात अर्काको बच्चा अधिग्रहण गरेर आफ्नो काखमा हुर्काउने । यस्तो चलन त नेपालमा पनि छ । जीवन विताउनका लागि पति वा पत्नी नै चाहिन्छ त ? दाम्पत्य जीवन विताउनै पर्छ ? यसमा ठूलो संख्याले सहमतिको टाउको हल्लाउन सक्छन् । तर, एउटा जमात यस्ता पनि छन्, जो दाम्पत्यलाई बन्धन ठान्छन् र त्यसबाट उन्मुक्त जीवन विताउन राजी हुन्छन् ।

हुन त विवाह हाम्रो परम्परा हो । संस्कृति हो । प्रकृतिले पनि दुई विपरित लिंगीको समायोजनलाई स्विकारेको छ । सृष्टि निरन्तरताको लागि पुरुष र महिलावीच संसर्ग हुनैपर्छ । उनीहरु शारीरिक रुपमा एक हुनैपर्छ । प्रकृतिको यो नियमले पनि पुरुष र महिलालाई अलग-अलग राख्दैन । उनीहरुको दुई ज्यानलाई एकाकार गराउँछ । विवाहको प्रचलन विश्वमै छ । हाम्रा पिता-पूर्खाहरुले यसलाई निरन्तरता दिदै आए । पौराणिक शास्त्रहरुले यसको महत्व र आवश्यक्तालाई उजागर गरिदिए । विवाह आफैमा व्यवस्थित र नियोजित कर्म हो, जसले वंश परम्परालाई निरन्तरता दिन्छ । पूर्विय संस्कारमा जीवनको विभिन्न संस्कार उल्लेख गरिएको छ । त्यसमध्ये एउटा संस्कार विवाह पनि हो । विवाहपछि मानिसहरु गृहस्थी जीवनमा प्रवेश गर्छन् । गृहस्थी जीवन भनेको दाम्पत्य एवं पारिवारिक संरचनाको निर्माण गर्नु पनि हो ।

यसमा मत विभाजित छ । विवाह गर्नैपर्छ भन्ने केही छैन । हाम्रै ऋषिमुनीहरुले ब्रम्हचार्यको महत्वमाथि पनि मन्थन गरेको छ । दाम्पत्य जीवन मात्र होइन कामवासना र यौनबाट समेत मुक्त भएर पालना गर्ने आचार संहिता हो यो ।

हुन त विवाहलाई हामी 'वन्धन' पनि भन्छौं । अर्थात 'विवाह-वन्धन' । उन्मुक्त जीवन विताउन चाहनेहरुका लागि यस्तो वन्धन स्विकार्य हुँदैन । उनीहरु विवाह गर्ने, पति वा पत्नीसँग आफुलाई समायोजन गर्ने, बालबच्चा जन्माउने, हुर्काउने, घर व्यवहार चलाउने कुरालाई झन्झट ठान्छन् । र, अनावश्यक पनि । जीवनलाई मस्त भोग गर्नका लागि उनीहरु विवाह नगरी बस्न रुचाउँछन् ।

हामी भन्छौं पनि 'विवाह एक सम्झौता हो ।' यसमा आफुले चाहेजस्तो, आफुले खोजेजस्तो सबै कुरा प्राप्त हुँदैन । फरक पृष्टभूमी, फरक सोंच र फरक प्रवृत्तिका दुई महिला र पुरुष जीवनभर एकाकार हुन वा समायोजन हुँदा उनीहरुले 'मेरो गोरुको बाह्रै टक्का' गर्न मिल्दैन पनि । यसको अर्थ के भने, विवाह गरेपछि कतिपय आफ्ना रहर, इच्छा, सोंच, चिन्तन त्याग्नुपर्छ । अर्को व्यक्ति (पति वा पत्नी)को कतिपय गल्ती, कमजोरी पनि स्विकार्नुपर्छ । त्यसैले जीवनलाई जसले जसरी बुझ्छन्, त्यही अनुरुप जिउने छुट छ । विवाह वाध्यकारी होइन । विवाह नगरी पनि जीवन सुखपूर्वक विताउन सकिन्छ । तर, अर्काथरी जो विवाहलाई प्राकृतिक रीत ठान्छन् । उनीहरु यसलाई जीवनकै एक अंश ठान्छन् । एक्लो जीवन निरास र वेसाहारा हुने उनीहरुको बुझाई हुन्छ । त्यही कारण माटोको भर ढुंगालाई, ढुंगाको भर माटोलाई भनेजस्तै जीवनको सुखदुखमा साथ र सहयोग आदनप्रदान गर्दै बाच्नका लागि विवाहलाई अपरिहार्य मान्छन् । उनीहरु गृहस्थी जीवनमै सुख खोज्छन् ।

विभिन्न अध्ययनले के पनि देखाएको छ भने, विवाहित पुरुष वा महिलाभन्दा अविवाहितहरुको आयु कम हुन्छ । एउटा उमेर चरणमा पुगेपछि उनीहरुमा एक्लोपन, छटपटी हुन्छ र त्यसैले विभिन्न किसिमको समस्या पैदा गर्छ । जबकी दाम्पत्य जीवन विताइरहेकाहरुले अक्सर एक्लोपनको अनुभव गर्नु पर्दैन ।

**विवाह गर्नुको फाइदा**

- दाम्पत्य सुख
- वैधानिक यौनभोग
- आफ्नो बालबच्चा
- सुख-दु:खमा साथ
- वंश निरन्तरता

**अविवाहित हुनुको फाइदा**

- आफ्नो मर्जी अनुसार जीवन जिउन सकिने
- पारिवारिक बन्धन, झन्झट लिन नपर्ने
- सन्तानप्रतिको चिन्ता नहुने
- आर्थिक व्यायभार कम हुने
- अर्काको दुख, बोझ बोक्न नपर्ने
- पारिवारिक जिम्मेवारी, उत्तरदायित्व वहन गर्न नपर्ने

**किन चिसिन्छ दाम्पत्य जीवन ?**

पछिल्लो समय नेपाली समाजमा सम्बन्ध विच्छेदको घटना कहालिलाग्दो ढंगले बढिरहेको छ । जीवनभर एकअर्काको साथ दिने वाचा गरेर जोडिएका यी सम्बन्धहरु कति निर्दयी शैलीमा टुट्दैछ ? यसको फेहरिस्ता तपाईंरहामी घर-घरमा फेला पार्न सक्छौं । दाम्पत्य जीवन किन यति रुखो बन्दैछ, यसका अनेक कारण छन् । पछिल्लो समय वैदेशिक रोजगारीले यसमा नुनचुक छरिरहेको छ । पत्नी, छोराछोरी छाडेर पति श्रम भिषामा विदेशिएपछि धेरैको घरबार बिग्रिएको छ । अहिले अधिकांश नेपालीको घर-घरको व्यथा हो यो ।

आवरणमा जे-जस्तो कारण देखिएपनि यसको अन्तरव्यथा भिन्न छ । खासगरी यसरी दाम्पत्य सम्बन्धलाई भाँजो हाल्नेमा अतृप्त यौन

(बााकी अन्तिम पृष्ठमा)

नयाँ विमर्श
Naya Bimarsha National Weekly



# नेपाली संस्कारमा साउन महिना र शिव महिमा

दीपक दर्शन

प्रकृतिले शीतलता छर्ने महिना। हुस्सुको पातलो आवरण हरिया जंगलहरुमा हावाको तालसँगै रंगमगाउँदा सुन्दर संगीत ध्वनित हुन्छ। यसै महिनामा सत्यम् शिवम् सुन्दरम्को भाव छचल्किन्छ नेपालका पहाडी पाखाहरुमा। अनि प्रकृतिको सौन्दर्यसँगै गुञ्जन्छ एक प्रकारको शालीन मौनता। अनि साउन रंगिन्छ मानवका सुकुमार भावहरुसँगै बतासिएर। हो, प्रकृतिले नै सुन्दर अनि शीतल तुल्याएको साउन देवाधिदेव महादेव शिवको समेत प्रिय महिना। नेपाली पञ्चाङ्गअनुसार साउन चौथो महिना हो। संस्कृतको श्रावण महिना अपभ्रंश भएर नेपालीमा साउन भएको हो। शास्त्रमा साउनलाई मासोत्तम मास अर्थात् सबैभन्दा उत्तम महिना भनिएको पाइन्छ।




**रात लामो, दिन छोटो**

साउनको सुरुको दिन अर्थात् संक्रान्तिलाई विशेष महत्व दिइएको पाइन्छ किनभने यसै दिनदेखि सूर्य दक्षिणायन हुन्छ र दिन छोटा अनि रात लामा हुन थाल्छन् जुन क्रम माघेसंक्रान्तिसम्म रहन्छ। ज्योतिष विज्ञानअनुसार साउन अर्थात् श्रावण महिनाको पूणिर्माका दिन आकाशमा श्रवण नक्षत्रको योग निर्माण हुन्छ। त्यसैले यो महिनाको नाम श्रावण रहेको हो। साउन महिनालाई पवित्र महिनाका रूपमा लिने सनातन परम्परा छ। हरिशयनी अर्थात् आषाढ शुक्ल एकादशीदेखि हरिबोधिनी अर्थात् कार्तिक शुक्ल एकादशीसम्मको चार महिने अवधिलाई चतुर्मास भनिन्छ।

**शुभ महिना**

चतुर्मासभित्र साउन, भदौ, असोज र कार्तिक महिना पर्छन्। यी महिनाहरू शुभ मानिन्छन्। सनातन धर्म मान्नेहरूले यी चार महिनामा दिनको एकपटक मात्र शुद्ध सात्विक भोजन गर्नुपर्ने शास्त्रीय विधान छ। यीमध्ये पनि नेपालमा साउन महिनालाई धार्मिक क्रियाकलापका लागि अत्युत्तम मान्ने परम्परा छ।

**सुन्ने महिना**

श्रावण शब्द श्रवणबाट बनेको हो जसको अर्थ हुन्छ सुन्नु अर्थात् सुनेर धर्मको मर्म बुझ्नु। सनातन धर्मको प्रमुख ग्रन्थ वेदलाई श्रुति पनि भनिन्छ। श्रुतिको अर्थ नै त्यस्तो ज्ञान हो जुन ईश्वरबाट सुनेर ऋषिहरूले आम मानिसलाई सुनाए। त्यसैले श्रावण अर्थात् साउन महिनालाई पवित्र मानिएको हो। यसलाई आदिगुरु भगवान् शिवको प्रिय महिना पनि मानिन्छ। श्रवण नक्षत्र तथा सोमवारलाई भगवान् शिवको प्रिय महिना मानिन्छ। त्यसैले यो महिनामा शिवलाई खुसी पार्न विशेष धार्मिक अनुष्ठान एवं रुद्राभिषेकका साथै सोमवारका दिन व्रत बस्ने गरिन्छ।

**सात्विक महिना**

साउन महिनाका सबै दिन उत्तिकै पवित्र हुने भए पनि सोमबारलाई अझ विशेष मान्ने चलन छ। यसबाहेक साउनमा नागपञ्चमी, मंगलचौथी, घण्टाकर्ण चतुर्दशी, जनैपूणिर्मा, गाईजात्रा आदि पर्व पर्छन्। साउने संक्रान्तिका दिनदेखि सूर्य मिथुन राशि छोडेर कर्कट राशिमा प्रवेश गर्छन्। नेपालको ग्रामीण भेगमा संक्रान्तिका दिन लुतो फाल्ने परम्परा छ। सनातन धर्मावलम्बीहरूले साउन महिनाभर माछा-मासु, लसुन, प्याज आदि तामसी भोजन बार्ने चलन छ।

**शिवको महिना**

विशेष गरी साउने सोमबारका दिन महिलाहरूले भगवान् शिवको विशेष आराधना गर्छन्। सनातन हिन्दू परम्पराअनुसार पाँचवटा सोमबार परेको साउन महिनाभर हरियो तथा रातो सौभाग्यका सामग्री लगाएर भगवान् शिवको पूजासहित व्रत बस्दा सौभाग्य प्राप्त हुन्छ भन्ने विश्वास छ। साथै सोमबारको व्रत बस्दा अविवाहिताहरूले असल र सुन्दर पति पाउने र विवाहिताहरूले श्रीमान्को दीर्घायु तथा खुसीका साथै मनले चिताएको कुरा पुग्ने जनविश्वास रहिआएको छ। सोमबार व्रत बस्दा विद्या, व्यापार एवम् खेतीपाती सप्रने विश्वास गरिन्छ।

**उपवासको महिना**

हिजोआज साउने सोमबारको व्रतलाई विशेष तरिकाले उत्सवका रूपमा मनाउन थालिएको पाइन्छ। व्रत नबस्ने महिलाहरु पनि हरियो, पहेलो चुरा र मेहन्दी लगाउछन्। देशभरका शिवालयमा हरियो चुरा, पोते र रातो पहिरनमा सजिएका युवती तथा महिलाको भीड लाग्छ। त्यसैगरी साउन महिनाका सोमबार बोलबम भन्दै महिला तथा पुरुष भक्तजनले पवित्र जल शिवालयहरुमा अर्पण गर्ने परम्परा पनि छ। धर्म तथा संस्कृतिविद्हरुका अनुसार साउन महिना धेरै पानी पर्ने, बाढी पहिरो आएर समाजमा प्राकृतिक दुर्घटना नहोस् भनेर भगवान शिवको पूजा गरिन्छ। पौराणिक मान्यताअनुसार पार्वतीले साउन महिनाभरि निराहार रही कठोर व्रत बसेर भगवान शिवलाई प्राप्त गरेकी हुनाले भगवान शिवलाई खुसी पार्नका लागि यो महिना विशेष हुन पुगेको हो।

त्यसो त शिवको पूजा बालाचतुर्दशी मङ्सिर, माघे संक्रान्ति माघमा, महाशिवरात्री फागुनमा, अक्षय तृतीया वैशाखमा मनाइन्छ तर अरू महिनामा एक दिन मात्र शिवको पूरा गरिन्छ भने महिनाभरि नै शिवको पूजा हुने महिना भने साउन मात्रै हो। शिवलाई जलधार सारै प्रिय छ। प्रकृतिले नै जलधारा लगाउने यो महिना वातावरणीय स्वच्छताका हिसाबले पनि उत्तम मानिन्छ।

# साउनमा माछामासु नखाने र उपवास बस्ने वैज्ञानिक कारण

ज्योतिषी शिवराज रेग्मी

अबको साता दिनपछि साउन महिना सुरु हुँदैछ। साउन महिना, धार्मिक आस्था राख्नेहरुका लागि विशेष महिना। यो महिनामा केही धार्मिक पर्वहरु पनि पर्छ। यो साउने संक्रान्तिको महिना हो। यो बोलबमको महिना हो। भगवान शिवको



आरधानाको महिना हो। उपवासको महिना हो। पूर्विय दर्शन अनुसार साउन महिनामा भगवान शिवको आरधना गर्ने, उपवास बस्ने, शिवलिंगमा जल अर्पण गर्ने गरिन्छ। धार्मिक मान्यता के छ भने, साउनको सोमवार व्रत बस्ने र शिवलिंगमा जल चढाउनाले घरमा सुख समृद्धि मिल्छ। भलै अहिलेका पुस्तालाई यी कुरा भलै धार्मिक आडम्बर लाग्न सक्छ। वा यो केवल परम्परा मात्र लाग्न सक्छ। तर, धार्मिक परम्परासँग जोडिएर आएका यी कुराहरुसँग विज्ञान पनि जोडिएर आएको छ। साउन महिनामा किन शिवको पूजा गरिन्छ, किन उपवास बसिन्छ, किन वोलवल धाउन गरिन्छ ? यी सबैको वैज्ञानिक तर्क दिन सकिन्छ।

साउन महिना, जो मध्य बर्षायामसँगै जोडिएर आउँछ। असारको चटारो सक्न नभ्याउँदै साउन महिना आउँछ। यतिबेला खेती किसानी गर्नेहरुले बालीनाली लगाएर विश्राम लिने बेला हुन्छ। तपाई, हामीलाई थाहै छ, हाम्रो देश कृषिमा आधारित छन्। धेरैजसो जनजीविका खेतीपातीबाटै धानिएको छ। खेतीको कुरा जोड्नुको अर्थ के भने, साउन महिना किसान बर्गका लागि पनि विशेष हो। खेतीपातीको चटारोबाट विश्राम लिएर मनलाई धर्मकर्ममा लगाउने बेला हो यो। धार्मिक आस्थाको रुपमा मात्र होइन, हाम्रो जीवन पद्धतीसँग जोडिएका कुरा हुन् यी।

साउनमा व्रत एवं उपवास बस्ने भनेको भगवानलाई खुसी तुल्याउनका लागि मात्र होइन। वा आफ्नो मनोकांक्षा पुरा गराउन मात्र होइन। यी त आस्थाका कुरा भए। विज्ञानको कुरा अर्कै छ। भनिन्छ, वर्खायाममा हाम्रो पाचन यन्त्र कमजोर हुन्छ। पानी लगायत विभिन्न खाद्य पदार्थको कारण पेटमा जीवाणु फैलने र झाडापखला लाग्ने संभावना हुन्छ। अर्कोतिर हाम्रो शरीरको प्रतिरक्षा प्रणाली पनि कमजोर हुन्छ। यसबेला उपवास बस्दा शरीरलाई फाइदा गर्छ। हामीले देखे, सुनेकै कुरा हो, झाडापखलाको संक्रमण यही महिनामा बढी फैलने गर्छ। त्यसैले वर्षायाममा हेपाटाइटिस, हैजा, ग्यास्ट्राइटिस, र विभिन्न भाइरल रोगहरु देखापर्छ। वर्षा र ओसिलो मौसमले यस्ता संक्रमण फैलने भय दोब्बर बढाइदिन्छ। यस्तो अवस्थामा खानपानप्रति सर्तक हुनैपर्छ।

यो संस्कारको विकास किन भयो होला भनेर अनुमान गर्ने अर्को पाटो पनि छ। हामी खेती किसानीमा आश्रति छौं। यतिबेला अन्नबाली लगाइसकेको बेला हो। र, भकारी रित्तिने बेला पनि। पूर्खाहरुले यसबेला खाद्य संकट पनि भोगे होलान्। त्यसैले अन्नपात जगेडाका लागि पनि उपवास एउटा राम्रो विकल्प हुनसक्छ।

**किन मासुमंस नखाइएको होला ?**

साउनमा धेरैले माछामासु खाँदैनन्। कतिले सोमबार अन्न समेत खाँदैनन्। यसको आफ्नै धार्मिक तर्क छ। तर, यससँग धार्मिक तर्कमात्र जोडिएको छैन, वैज्ञानिक तर्क पनि छ।

माथि पनि उल्लेख गरियो यो सिजनमा संक्रमणको भय अधिक रहन्छ। र, मासुजन्य परिकारमा संक्रमणको बढी संभावना हुन्छ। मासुमंसमा जीवाणु फैलने। कुहिने, सड्ने हुन्छ। त्यही कारण यसबेला मासुमंस त्यती हितकर मानिदैन। वर्षायाम भनेको धेरै जसो पानीमा पाइने जीवहरुको प्रजननको महिना हो। पहिलेको जमानामा माछालाई व्यावसायीक रुपमा छुट्टै पोखरीमा पाल्ने र खानको लागि प्रयोग गर्ने चलन थिएन। प्राकृतिक नदीहरु र खोलामा पाइने सिमित माछाहरु प्रजनन महिनामा खाइदिएमा अर्को वर्ष माछाको सङ्ख्या घट्ने वा लोप नै हुने डर हुन्थ्यो। त्यसैले माछामासु खानमा नियन्त्रण गरिएको हुनुपर्छ।

यसबेला सात्विक भोजन एवं हल्का, सुपाच्य खानेकुरा खानुपर्ने प्रचलन छ। यतिबेला उपवास बस्ने चलन पनि छ। यसले पनि पाचन यन्त्रलाई राहात दिन्छ। साउनमा खीर लगायत दुधजन्य परिकार खाने गरिन्छ।

**यस बर्षको विशेष साउन**

यस बर्षको साउन महिनामा विशेष रहेको बताइन्छ। किनभने १९ बर्षपछि एक दुर्लभ संयोग जुरेको छ। यस पटक साउनको महिना २८ वा २९ दिनको रहने छैन, पुरा ३० दिनको रहनेछ। खासमा यस पटक साउन महिना ३० दिनको हुनुको पछाडि अधिकमास परेकाले हो। हरेक तीन बर्षमा एक पटक अधिकमास पर्छ। यस पटक साउन महिना चार सोमबारको व्रत हुनेछ। पहिलो साउनको सोमवार ३० जुलाईको हुनेछ।

# शरीर स्वस्थ राख्न पनि गरौं रक्तदान

रमिता खतिवडा

सामान्यतया रक्तदान भन्नाले कुनै पनि मानिसको स्वेच्छाले आफ्नो रगत दान गर्नुलाई जनाउँछ। रगतले शरीरभित्र पोषण, लवण, हर्मोन, भिटामिन, अक्सिजन, रोगसँग लड्ने एन्टिबाइटिकसँगै कार्बनडाइअक्साइड, युरियाजस्ता बिकार ओसारपसार गर्छ। रगतको रातो रक्तकोणले अक्सिजन, कार्बनडाइअक्साइड यताउता गर्न, श्वेत रक्तकोणले रोगसँग लड्न र प्लेटलेट्सले रगत जमाउने कार्य गर्छ। शारीरिक तौलको ७ प्रतिशत भाग रगत हुन्छ भने त्यसमध्ये ६० प्रतिशत भागमा प्लाज्मा (९० प्रतिशत पानी र १० प्रतिशत पोषक तत्व) रहेको हुन्छ। रगतको बाँकी ४० प्रतिशत भागमा भने ठोस पदार्थहरू रातो रक्तकण, श्वेत रक्तकण र प्लेटलेट्स हुन्छन्। हामीले ब्यापक रूपमा सुन्ने गरेका छौं, 'रक्तदान जीवनदान'। रक्तदान गर्नु पुण्यको काम हो। किनभने हामीले दिएको रगतबाट कसैले नयाँ जीवन पाउँछ। रक्तदान गर्नाले अन्य व्यक्तिको जीवनमात्र बच्दैन, रक्तदान गर्ने व्यक्तिको शरीर समेत स्वस्थ रहन्छ। साधारणतया एउटा व्यक्तिको शरीरमा छ लिटर (करिब दश युनिट) रगत उत्पादन हुने गर्दछ। जबकी रक्तदानको समयमा भने एक युनिट अर्थात ४ सय ७० मिलिमिटर रगत मात्र निकालिने गरिन्छ। त्यो भनेको शरीरमा भएको सबै रगतको १२ देखि १४ प्रतिशत मात्र भएकाले रक्तदानका क्रममा त्यसरी रगत निकाल्दा व्यक्तिलाई भने कुनै हानी गर्दैन। किनभने एउटा व्यक्तिको शरीरमा रगत निर्माण भएको १ सय २० दिन भित्र उक्त रगत स्वतस् नष्ट हुने गर्छ। जबकी सोही रगत अरुलाई दान गर्दा व्यक्तिको शरीरमा छिटो-छिटो रगतको उत्पादन हुने गर्दछ। त्यसैले स्वस्थ ब्यक्तिले हरेक ३-३ महिनामा रक्तदान गर्न सक्छन्।

जब व्यक्तिले रक्तदान गर्छ, तब व्यक्तिको मिर्गौलामा रहेको पेरिट्युबुलर सेलले शरीरमा अक्सिजन कम भएको महसुस गर्न थाल्छ। जसका कारण मिर्गौलाले एरिथ्रोपेटिन नामको प्रोटिन सेक्रेट गर्न थाल्छ। उक्त प्रोटिन रगतमार्फत् बोनम्यारोसम्म पुग्छ। र बोनम्यारोले तुरुन्तै रातो रक्तकोषिका निर्माण गर्न सुरु गर्न थाल्छ। एउटा बोनम्यारोले एक सेकेन्डमा एकदेखि दुई मिलियन रातो रक्तकोषिका निर्माण गर्ने हुँदा रक्तदान गरेको २४ घण्टाभित्रै एउटा व्यक्तिको शरीरमा पुनस् निर्माण भइसक्छ। र, व्यक्ति पुरानै अवस्थामा फर्किसकेको हुन्छ। कुनै पनि बेला जोकोहीलाई रगत चाहिन सक्छ। आकस्मिक कारणले अकालमा ज्यान जान लागेको मानिसलाई बचाउने वैकल्पिक उपाय भनेकै रक्तदान हो, रगतको उल्लेखनीय महत्व छ। नेपालमा वर्षेनी करिब ३ लाख युनिट रगतको आवश्यकता पर्छ तर जहिले पनि अभावको समाचार आइरहेका हुन्छन्। विशेषगरी अधिक रक्तश्रावका बिरामी, प्रसुति, मुटु, मष्तिष्कको शल्यक्रिया, दुर्घटनामा परेका बिरामीहरूलाई रगत अनिवार्य हुन्छ भने अन्य रोगका लागि पनि तारन्तार रगत चाहिरन्छ। जटिल प्रकृतिका शल्यक्रिया दिनानुदिन बढिरहेको हाम्रो नेपालमा रगतको अभाव हुँदा शल्यक्रिया नै समयमा हुन नसक्ने स्थिति बिकराल छ। अत्याधिक बढ्ने गरेको सडक दुर्घटना, बाढी, पहिरो, भूकम्प जस्ता घटनाहरूका साथै अबिछिन्न गर्भधारण, गर्भपतन पहिलाको तुलनामा बढेकाले रगतको माग अत्याधिक छ।

मानव स्वास्थ्यका लागि रगतलाई जति महत्वका साथ हेरिएको छ सोही अनुसार नेपाल सरकार र सम्बन्धित निकायको ध्यान जान सकेको छैन। केही तथ्यांकलाई विश्लेषण गर्ने हो भने नेपालमा रगतको मागअनुसार आपूर्ति हुन नसकेको देखिन्छ। रगत अभावकै कारण बिरामीको मृत्यु भएको खबर सार्वजनिक नभए पनि दुरदराज र ग्रामीण क्षेत्रमा रगत अभावमा नै मुत्यु हुने बिरामीको संख्या धेरै छ। रक्तदान सम्बन्धी जानकारी नहुँदा कतिपयले चाहेर पनि रक्तदान गर्न पाएका छैनन्। कतिपयले भने कयौंपटक रक्तदान गरेर सामाजिक रूपमा उच्च छवी बनाएका पनि छन्। आजको आधुनिक चिकित्सा विज्ञानले विश्वमा धेरै प्रगति हासिल गरेता पनि कृत्रिम तरिकाले रगत उत्पादन गर्ने प्रबिधि फेला पारेको छैन। त्यसकारण कसैलाई रगत चाहिएको बेला अर्को ब्यक्तिले रक्तदान गर्नु एकमात्र विकल्प छ। मानव शरिरमा पुरानो रगतको क्षय प्रक्रिया लगातार चलिरहने हुनाले त्यसै नष्ट भएर खेर जाने रगत नियमित रूपमा दान गर्दा फाइदाजनक हुन्छ।अहिले बिभिन्न सामाजिक संघसंस्थाहरूले बृहत रक्तदान कार्यक्रम तथा जनचेतनामुलक अभियानहरू सन्चान गरी रगत संकलन कार्यलाई प्रभाबकारी बनाउन सकारात्मक प्रयास पनि गरिरहेको देखिन्छ।

**कसले गर्न हुँदैन रक्तदान ?**

१८ वर्षभन्दा कम उमेर तथा ६० वर्षभन्दा बढी उमेर भएमा, महिलाहरुमा महिनावारी, गर्भवती वा ब्लड प्रेसर कम भएमा, बारम्बार रिङ्गटा लाग्ने, चक्कर लाग्ने बेहोस हुने समस्या भएमा रगत दान गर्नु हुँदैन।यसैगरी उच्च रक्तचाप, मधुमेह लगायतको दीर्घकालीन रोग भएमा कुनै गम्भीर समस्या भएमा, कालाज्वर, डेंगु, हेपाटाइटिस बी लगायतका सरुवा रोगको संक्रमण, टाइफाइड, जण्डिस, सामान्य ज्वरो लगायतको संक्रमण भएमा, कुनै कारणले एन्टीबायोटिक्सको सेवन गरेमा, मुटुको भल्भको शल्यक्रिया गरेमा, व्यक्तिको तौल ४५ केजीभन्दा माथि छ तर पनि रगत चाप घटबढ भएमा, धुमपान तथा मदिरापान गरेमा पनि कम्तीमा २४ घण्टा रक्तदान गर्नु उचित हुदैन।

**'रक्तदान गरी पुण्य कमाऔं'**

*(खतिवडा डाइलासिस नर्सका रुपमा राष्ट्रिय मृगौला उपचार केन्द्रमा कार्यरत छिन्।)*

सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको रक्षा गरौं, राष्ट्रिय स्वाभिमानको रक्षा गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## टेलिकममा....

हाललाई उक्त कदम रोकिएको जानकारहरूले बताएका छन् । गत जेठको अन्तिम सातादेखि असारको पहिलो हप्तासम्म कामिनीलाई हटाउन माफियाहरूले व्यापक चलखेल गरेको सम्बद्ध स्रोतले जानकारी दिएको छ ।

मन्त्रालयबाट स्पष्टिकरणको पत्र रोकिएपछि राजभण्डारीले अब लगभग तेह्र महिना टेलिकमको नेतृत्व सम्हाल्ने बताइएको छ । पद सुरक्षित भएपछि टेलिकमको प्रगति र गुणस्तरतर्फ केन्द्रित भई राजभण्डारीले आफू विरुद्ध लाग्नेहरूलाई कडा रूपमा प्रस्तुत हुने गरेको टेलिकम स्रोतले बताएको छ । टेलिकम सञ्चालक समितिको अध्यक्ष रहेका सचिव गुरुङ्ग प्रबन्ध निर्देशक राजभण्डारीको थमौतिपछि सरुवा हुन चाहेको चर्चा चलेको छ । टेलिकम भित्रका आफ्ना विरोधीहरूलाई ठेगान लगाउँदै राजभण्डारी टेलिकमको सुदृढीकरण र सेवाप्रति जुट्न थालेको समाचारमा उल्लेख छ ।

## ओलीको....

राजनीतिक वृत्तमा चर्चा चलेको छ ।

अध्यक्ष दाहालले सिंगापुरमा रहँदा भारतीय खुफिया एजेन्सी 'र' का प्रतिनिधिहरुसँग भेट गरेको चर्चा चलेको थियो । प्रधानमन्त्री ओलीका हरेक अलोकप्रीय कामहरु नियालिरहेका अध्यक्ष दाहालले भारत भ्रमणबाट फर्केपछि चमत्कार गर्न सक्ने र मुलुकको राजनीतिले नयाँ मोड लिने जानकारहरुले बताएका छन् ।

## यो....

अवकाश हुने बताइएको छ । सचिव अधिकारीलाई गत चैत्र २० गते अर्थमन्त्रालयबाट सरुवा गरिएको थियो । श्रावण ६ गते नै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सचिव ङइन्द्रप्रसाद उपाध्यायको पनि अवकास हुँदैछ । अधिकारी र उपाध्याय मुख्यसचिवका दावेदार थिए । यी दुबैलाई पछारेर लेकदर्शन रेग्मी मुख्य सचिव बनेको समाचार स्रोतले जानकारी दिएको छ । रेग्मी पनि मुख्य सचिव नबनेको भए यही श्रावण ६ गते पाँच वर्षे पदावधिका कारण अवकाश हुन्थे ।

## सचिव....

यता, सडक विभागको तत्कालको समस्या हल गर्न अर्थ मन्त्रालयबाट १५-१६ अर्ब बजेट निकासा गरेका महानिर्देशक श्रेष्ठलाई विगतमा डिजीको नजिक बनेर रमाउने र कमाउने ग्रूपले काम गर्न नसकेको आरोप लगाएका छन् । डिजीलाई मूर्तिका रूपमा चित्रण गर्नेहरूले विभागमा सबै उमार्ने डीजी बनेको समेत बताएका छन् । मन्त्री महासेठले सुइहरूको सरुवा गर्दा रेल विभागका महानिर्देशक आचार्यलाई समेत सरुवा गर्ने चाहना राखेका जानकारहरूले बताएका छन् । पूर्व पश्चिम रेलमार्गको डीपीआर काठमाडौँ-वीरगञ्ज, काठमाडौँ केरुङ रेलमार्गका लागि भारतीय र चिनियाँ पक्षसँग दातदिखि सम्पूर्ण कुरामा महत्वपूर्ण भूमिका निर्वाह गरेका र उनको जत्तिको ज्ञान मन्त्रालयमा अरु कसैको नरहेकाले प्रधानमन्त्री ओलीले रेल निर्मणमा विश्वास गरेको समाचारमा उल्लेख छ । सडक र रेल विभाग आफ्नो नियन्त्रणमा नभएपछि मन्त्री महासेठलाई १०४ डिग्रीको ज्वरो आएको चर्चा चलेको छ ।

## काँग्रेसमा....

योजनामा रहेको संस्थापन इतर पक्षले जनाएको छ । यसबाहेक अनुशासन समिति विभाग प्रदेश समिति समेत गठन हुन सकेको छैन । काँग्रेसमा देउवा र पौडेलको आ-आफ्नै स्वार्थले गर्दा पार्टीले लिनुपर्ने गति लिनसकेको छैन । बोहराटारबाट-बालुवाटार सर्ने पौडेलको चाहना र पाँचौ पटक प्रधानमन्त्री बन्ने देउवाको भित्री इच्छाले नेतृत्वका लागि लिगलिगे दौड चलेको काँग्रेसीहरुले बताएका छन् । १४ औं महाधिवेशनमा सभापति बन्न लालयित देखिएका पौडेल र सिटौला समूहको यस्तै व्यवहारले काँग्रेस अघि बढ्न नसक्ने ठहर कार्यकर्ताहरुले गरेका छन् । काँग्रेसमा 'डेट एक्स्पाएर' जस्तो बनेका देउवा र पौडेलले आरोप-प्रत्यारोपतिर नलागी गुटगत राजनीतिलाई छाडेर एक भएर अगाडि बढ्नुको विकल्प नरहेको काँग्रेवृत्तमा चर्चा चलेको छ । काँग्रेसमा बेला-बेलामा बल्फिने पुरानो गुटगत राजनीतिलाई छाडेर सिङ्गो पार्टी चलाउन उपसभापति विमलेन्द्र निधि महामन्त्री शशांक कोइराला र पूर्णबहादुर खड्काले भूमिका खेल्नुपर्ने जानकारहरुले बताएका छन् । अब काँग्रेस नेतृत्व गुटगत राजनीतिमा मच्चिनेतिरभन्दा सच्चिने तिर लाग्नुपर्ने बताइएको छ । नत्र 'भीरबाट लड्न लागेको गोरुलाई रामराम' भन्नुबाहेक काँध थाप्न नसकिने काँग्रेसीहरुले बताएका छन् ।

## करोडौंका....

चढ्नेहरुमा रक्षामन्त्री इश्वर पोखरेल- टोयोटा ल्याण्डक्रुजर, स्वास्थ्यमन्त्री उपेन्द्र यादव- टोयोटा ल्याण्डक्रुजर, वनमन्त्री शक्तिबहादुर बस्नेत- याण्डक्रुजर प्राडो, कानूनमन्त्री शेरबहादुर तामाङ ल्याण्डक्रुजर प्राडो, खानेपानी तथा सरसफाइमन्त्री विना मगर- ल्याण्डक्रुजर, सञ्चारमन्त्री गोकुल बास्कोटा- टोयोटा ल्याण्डक्रुजर रहेका छन् । यसैगरी गृहमन्त्री रामबहादुर थापा (एक करोड ५५ लाख रुपियाँ मूल्यको मित्सुविसी पजेरो), कृषिमन्त्री चक्रपाणी खनाल ( एक करोड २९ लाख रुपियाँ मूल्यको फोर्ड इन्डेभर), अर्थमन्त्री युवराज खतिवडा (एक करोड २५ लाख रुपियाँ मूल्यको निशान एक्स्ट्रेल), शहरी विकास मन्त्री मोहम्मद इस्तियाक राई (एक करोड छ लाख रुपियाँ मूल्यको फोर्ड इन्डेभर), सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित (एक करोड रुपियाँको फोर्ड इन्डेभर) चढ्ने गरेको पाइएको छ । यस्तै, ऊर्जामन्त्री बर्षमान पुन (९३ लाख रुपियाँको हुण्डाई टक्शन), शिक्षामन्त्री गिरिराजमणि पोखरेल (७८ लाख रुपियाँको महिन्द्रा एक्सयुभी ५००), खेलकुद मन्त्री जगतबहादुर विश्वकर्मा (६२ लाख ५६ हजार रुपियाँको हुण्डाई क्रेटा), वाणिज्य तथा आपुर्तिमन्त्री मात्रिका यादव (६० लाख रुपियाँको टाटा स्ट्रोम) रहेका छन् ।

भारतजस्तो उदियमान देशका मन्त्रीहरुसमेत आफ्नै देशमा निर्माण भएका सामान्यस्तरका टाटाका गाडीहरु चढ्ने गरेका छन् । उनीहरुले आफ्नै देशको उत्पादनलाई प्रोत्साहन गर्न तथा फजुल खर्च घटाउनका लागि त्यस्ता गाडीहरु प्रयोग गरे पनि नेपालजस्तो आर्थिक रुपमा दयनीय अवस्थामा रहेको देशका कम्युनिष्ट भनाउँदा मन्त्रीहरु भने विलासी गाडीमा सवार हुने गरेको कुरालाई जनस्तरबाट रुचाइएको छैन । अझ हालै सम्पन्न विश्वकप फूटबल प्रतियोगिताको फाइनल खेल मन्त्रीहरुले पाँचतारे होटलमा बसी हेरेको तथा त्यो बेलाको महंगो खाना खर्च सरकारबाट भराएको विषयले पनि वर्तमान सरकारले कुख्याती कमाएको छ ।

## लत्रिँदै...

संकलनमा सरकार लाग्यो । दुईतिहाई बहुमतको सरकारका गृहमन्त्रीले उनीहरुलाई कारबाही गर्ने भने पनि टेडपुच्छर लगाउन सकेनन् । कुनै पनि निर्माणव्यवसायी कारबाहीको दायरामा हालसम्म आउन नसक्नुले यो प्रकरणमा सरकार नै लत्रिएको आभाष सबैले पाएका छन् । निर्माणव्यवसायीका हकमा मात्र नभई साउन १ गतेबाट यातायात क्षेत्रको सिण्डिकेट अन्त्य गर्ने र यातायात व्यवसायीहरुका समितिलाई नवीकरण नगर्ने निर्णय सरकारले गरे पनि त्यो हावामा परिणत भएको छ । समितिको बैंक खातासमेत सरकारले रोक्का गरे पनि अहिले आएर सरकार आफ्नो निर्णयबाट पछि हट्ने अवस्थामा पुगेको छ । सरकारले समितिको नवीकरण गर्ने र रोक्का गरिएको बैंक खातासमेत चलाउन दिने निर्णय गरेपछि अब पुरानै सिण्डिकेटले निरन्तरता पाएको छ ।

शक्तिशाली सरकारको रुपमा रहेको वर्तमान सरकारले गरेका निर्णयहरुलाई न्यायालयले अन्यायपूर्ण देखी त्यसको पक्षमा निर्णय नदिएको अवस्थामा सरकारलाई धक्का लाग्न पुगेको छ । सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत सरकारले गरेका त्यस्ता निर्णयहरुलाई उल्ट्याइरहेको छ । ओली अघिको शेरबहादुर देउवा नेतृत्वको सरकारका पालामा भएका राजनीतिक नियुक्तिहरु खारेज गर्ने ओली सरकारका निर्णयहरुलाई अदालतले अमान्य ठानिरहेको अवस्थामा सरकार लत्रिएर पहिलेकै नियुक्तिको पक्षमा उभिन बाध्य देखिएको छ । चलचित्र विकास बोर्डकी निकिता पौडेल, दूरसञ्चार प्राधिकरणका दिगम्बर झा, निक्षेप तथा कर्जा सुरक्षण कोषका विष्णुबाबु मिश्र, गोरखापत्र संस्थानका महाप्रबन्धक वसन्तप्रकाश उपाध्यायलगायतलाई पदबाट नहटाउन सर्वोच्चले आदेश दिइसकेको तथा अन्य हटाइएकाहरुले समेत आफ्नो वचाउका लागि अदालतको आशा गरिरहेको अवस्थामा सरकारको उक्त निर्णय पनि बेकारमा परिणत हुने देखिन्छ ।

सरकारको कमजोरीकै कारण मूल्यवृद्धि तथा कालोबजारीले प्रशय पाएको छ । जताततै मिसावटका घटना सार्वजनिक भएको अवस्थामा समेत सरकारले उनीहरुमाथि कुनै किसिमको कारबाही प्रक्रियालाई अघि बढाउन सकेको छैन । सरकार फितलो भएकै कारण जनताले बजेट भाषणपछि झनै आहतको अनुभूति गरिरहेका छन् । निर्वाचनका बेलामा गाउँ गाउँमा निःशुल्क इन्टरनेटको व्यवस्था गर्ने वाचा गरेको वर्तमान सरकारको दलले सरकार गठन गरेपछि त्यसविपरित कार्य गरेको भनी जनता आक्रोशित बनेका छन् । इन्टरनेटलाई निःशुल्कको साटो अझ महंगो बनाउने कार्य सरकारले गरेपछि सरकारको बोली र व्यवहारमा तारतम्य नमिलेको अवस्था छ ।

बाघ गर्जिए झैं गर्जिने प्रधानमन्त्री ओलीले मंगलबार पार्टी कार्यालय धुम्बाराहीमा कार्यकर्तालाई भेला पारेर सरकारको प्रतिरक्षामा बोल्न तथा लेख्न निर्देशन दिएपछि उनको निरिहता छचल्किएको हो । उनले सरकारको पक्षमा बोल्न तथा लेख्नका लागि आग्रह गरी आफ्नो निरिहता प्रदर्शनी गरेका थिए ।

## चुनावी....

उता, प्रदेशसभा र प्रतिनिधिसभाका निर्वाचनहरुका भएका खर्चहरु झनै कहालीलाग्दो देखिएको छ । उक्त निर्वाचनमा सरकारका तर्फबाट १६ अर्ब २६ करोड र उम्मेदवारहरु तथा उनीहरुका शुभेच्छुकहरु समेतबाट ४५ अर्ब ९५ करोड गरी जम्मा ६२ अर्ब २१ करोड खर्च हुन गएको छ । जसअनुसार प्रतिमतदाता खर्च चार हजार ४० रुपियाँ हुन गएको देखिएको छ । अध्ययन प्रतिवेदन बमोजिम प्रदेशसभाका प्रतिउम्मेदवारहरुले औसतमा ८१ लाख र प्रतिनिधिसभाका उम्मेदवारहरुले औसतमा एक करोड एक लाख रुपियाँ खर्च गरेको देखिन आएको छ । प्रदेशसभामा निर्वाचिन हुने उम्मेदवारले औसतमा एक करोड २५ लाख, निकटतम प्रतिद्वन्द्वीले औसतमा एक करोड १७ लाख र पराजित बाँकी प्रतिद्वन्द्वीहरुले औसतमा ७१ लाख रुपियाँ खर्च गरेको देखिएको छ । त्यसैगरी, प्रतिनिधिसभाको निर्वाचित उम्मेदवारले औसतमा दुई करोड १३ लाख, निकटतम प्रतिद्वन्द्वीले औसतमा एक करोड ४९ लाख र पराजित बाँकी प्रतिद्वन्द्वीहरुले औसतमा ८५ लाख रुपियाँ खर्च गरेको अध्ययनको सिलसिलामा देखिन आएको छ । तिनै तहका निर्वाचनहरुका लागि सरकार र उम्मेदवारहरु समेतले गरेको कुल खर्च एक खर्ब ३१ अर्ब ६३ करोड भएको देखिएको छ । जसमा सरकारले ३४ अर्ब ७२ करोड र बाँकी ९६ अर्ब ९१ करोड उम्मेदवारहरु तथा उनीहरुका शुभेच्छुकहरुबाट खर्च गरिएको देखिन आएको छ ।

## दाहाल....

नियुक्त गरेको छ । दाहाललाई उक्त पदमा प्रतिष्ठानका प्रमुख एवं काँग्रेस उपसभापति विमलेन्द्र निधिले पार्टीको विधानअनुसार नियुक्त गरेका हुन् । चार दशकदेखि अनवरत पत्रकारिता क्षेत्रमा र ३४ वर्षदेखि वाल्मीकि क्याम्पसमा प्राध्यापनमा संलग्न दाहाल मानवअधिकार तथा शान्ति समाजका पूर्वअध्यक्षसमेत हुन् ।

काँग्रेसको केन्द्रीय प्रचार विभागको सदस्य रहेर काम गरिसकेका दाहाल काँग्रेसले गरेका विभिन्न आन्दोलनहरुमा संलग्न भएका थिए । पछिल्लो समय काँग्रेसमा मौलाएको डनवाद र धनवादप्रति असन्तुष्ट देखिएका दाहाल विभिन्न पत्रिकामा कलम चलाउँदै काँग्रेसलाई मार्गनिर्देश गर्ने गरेका छन् । काँग्रेस राजनीतिका जानकार दाहालले सुरुमा 'घटना र विचार' नामक कार्यक्रम चलाएर लाखौं स्रोताको मन जित्न सफल भएका थिए । ढिलै भए पनि काँग्रेसले दाहाललाई पार्टीको केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशकमा नियुक्त गर्नुले सही मूल्यांकन भएको काँग्रेसवृत्तमा चर्चा चलेको छ ।

## अर्थ....

निर्वाह गरेको भूमिका पछ्याएको समाचार स्रोतले बताएको छ । यसरी अर्थमन्त्रालय बजेट महाशाखाका कर्मचारीले सताउन थालेपछि सडकका केही हाकिमले थप बजेटप्रति चासो नराखेको बताइएको छ ।

## अस्पतालमा....

गरेको हो ।

संघका महासचिव डा. लोचन कार्कीले देशभरका चिकित्सक र स्वास्थ्यकर्मीहरुको आवाज सरकारलाई सुनाएर डा. के.सी.को जीवनरक्षाका लागि यस्तो निर्णय लिइएको जानकारी दिएका छन् । डा. के.सी.ले उठाएका मागबारे ठोस छलफल नगरेको, चिकित्सक, स्वास्थ्यकर्मी तथा सर्वसाधारणले देशभरबाट उठाएको शान्तिपूर्ण आवाजलाई बेवास्ता गरेको लगायतका कारणले आन्दोलन गर्नुपरेको तर्क संघको छ ।

## ओली....

रमाउँदै मेडिकल माफियाहरुको इशारामा चलेको आरोप लागेको छ । शान्तिपूर्ण आन्दोलनमा रोक लगाएर कीर्तिमान कायम गरेको ओली सरकारले फ्रि वाईफाईको सट्टामा इन्टरनेटमा १३ प्रतिशत कर लगाएर जनतालाई सूचना प्रविधिबाट अलग राख्न खोजेको देखिन्छ । हत्यारा र ज्यानमारालाई आममाफी दिएर मुलुकमा अधिनायकवाद लाद्न खोजेको ओली नेतृत्वको सरकारले असारे विकासको लागि राज्यको ढुकुटीबाट अर्बौं रकम निकासा गरी पञ्चायतीशैलीलाई निरन्तरता दिएको समाचारमा उल्लेख छ ।

## काँग्रेसलाई....

ध्वजावाहक पानी जहाज, १० वर्षमा २० हजार मेगावाट विद्युत् उत्पादन, फ्रि वाईफाई, प्रतिव्यक्ति आय पाँच हजार डलर, सामाजिक सुरक्षा भत्ता पाँच हजारलगायतका भ्रामक सपना बाँडेका थिए । तर, ती सबै ओलीकै अर्थमन्त्रीले जनताको ढाड सेक्ने गरी कर बढाएर ओलीको सपना चकनाचुर पारिदिए ।

नेपाली जनताले विभिन्न कालखण्डमा प्राप्त गरेको उपलब्धिलाई ओली नेतृत्वको सरकारले लीलाम बिक्रीमा चढाएपछि काँग्रसले सडक र सदनबाट सशक्त आन्दोलन गर्ने निर्णय गरेको छ । जनमतका हिसाबले ३५ हजार मतले मात्र अगाडि रहेको नेकपाका प्रधानमन्त्री ओलीले न्वारानदेखिको बल लगाएर काँग्रेसलाई बढार्न खोजे पनि सफल नहुने राजनीतिक विश्लेषकहरुले बताएका छन् । चौतर्फी आलोचित र अलोकप्रिय बन्दै गइरहेको ओली नेतृत्वको सरकारबाट समृद्धि त के झिङ्गासमेत नमर्ने जानकारहरुले बताएका छन् । प्रधानमन्त्री ओलीको हर्कत लोकतन्त्रवादीहरुले टुलुटुलु हेरेर नबस्ने भएकाले काँग्रेस सडकमा उत्रिएको छ ।


## इभेन्टका लागि सम्झनु होस

काठमाडौं उपत्यकामा कुनै पनि किसिमका सांगीतिक वा अन्य खालका इभेन्टहरु गर्नका लागि हामीलाई सम्झनु होस् ।

त्यस्ता इभेन्टहरुका लागि आवश्यक सम्पूर्ण व्यवस्था हामीले गरी आयोजकहरुलाई सहजता प्रदान गर्ने हाम्रो लक्ष्य पनि हो ।

**सीप एण्ड साउट म्युजिक फेष्टिवल प्रा.लि.**

काठमाडौं-२९, लाजिम्पाट

सम्पर्क नं.९८०१०००४२४ (राहुलजी)


# प्रधानमन्त्रीको आँसु अरु नेताले पुछेनन्

*काठमाडौं । गत साउन १ गते नेपाल कम्युनिस्ट पार्टी नेकपाको केन्द्रीय कार्यालय धुम्बाराहीमा नेकपाका नेता-कार्यकर्तासँग प्रधानमन्त्री तथा पार्टी अध्यक्ष केपी शर्मा ओलीको भेटघाट भएको थियो । त्यहाँ पुगेर उनले विपक्षीको लगातार आक्रमण हुँदा पनि पार्टी नेता-कार्यकर्ताले सरकारको प्रतिरक्षा नगरेको भन्दै आक्रोश पोखे । अहिलेको सरकार नेपालको इतिहासमै सबैभन्दा बढी प्रगतिशील, जनपक्षीय र विकासमुखी नीति लिएर आए पनि त्यसको प्रतिरक्षा गर्ने पार्टीभित्र कोही नभएको जस्तो देखिएको प्रधानमन्त्रीको गुनासो थियो । प्रधानमन्त्री ओलीले विपक्षीहरू एकजुट भएर सरकारमाथि आक्रमण गरिरहेको भए पनि सरकारका राम्रा काम तथा नीतिको समेत प्रतिरक्षा नभएको गुनासो पोखे । 'विपक्षीहरूले उधुमसँग हल्ला गरेका छन । अरू कुनै विषय पाएका छैनन् । भर्खर बनेको सरकारलाई पहिल्यै भत्किएका बाटाहरू देखाएर तमासा गरेका छन्', ओलीको भनाइ थियो 'तर, बहुमत ल्याउने पार्टीमा लेख्न र बोल्न जान्ने कोही छैन जस्तो छ । यत्रो पंक्तिमा कोही लेख्न जान्ने मान्छे छ जस्तो लाग्दैन, कसैले लेखेको देखिँदैन, कोही बोल्न जान्ने छ जस्तो पनि लाग्दैन, कोही बोलेको पनि सुनिँदैन । सरकारले राम्रो काम गरिरहेको छ, त्यसको प्रतिरक्षा हुँदैन ।'*

*बालुवाटारमा पार्टी स्थायी समितिको बैठक सकेर प्रधानमन्त्री ओली सीधा पार्टी मुख्यालय धुम्बाराही गएका थिए । धुम्बाराहीमा प्रधानमन्त्री जे बोले, त्योभन्दा अगाडिको पार्टी स्थायी समिति बैठकमा सरकारमाथि भएको विपक्षी हमलाका विषयमा केही न केही भएको थियो भन्ने बुझ्न सकिन्छ । प्रधानमन्त्री ओलीकै चाहनामा उनको सचिवालयले पार्टीका सांसद र पाटी कार्यकर्तासँग नियमित भेटघाटको तालिका बनाएको थियो । त्यही अनुसार उनले धुम्बाराही पुगेर पार्टी कार्यकर्तासँग अन्तरक्रिया गरेका थिए । ओलीले दुई तिहाई सरकारको नेतृत्व गरेका छन् । शक्तिशाली प्रधानमन्त्री भए पनि उनीमाथि विपक्षीको आलोचना पनि उस्तै छ । पार्टीभित्रैबाट पनि सरकारका काममाथि प्रश्न उठाउन थालिएको छ । त्यसो त प्रधानमन्त्री ओलीले पहिलो पटक यस्तो आग्रह गरेका होइनन् । यसअघि पनि उनले सरकारको बचाउमा कोही नआएको भन्दै असन्तुष्टि पोखेका थिए ।*

*त्यसैगरी, सत्तापक्ष र प्रतिपक्षबीच तनाव बढ्ने गरी एकपछि अर्को राष्ट्रिय राजनीतिमा घटनाक्रमहरू विकसित भए पनि नेकपाका अर्का अध्यक्ष प्रचण्ड सरकारको बचाउमा चाहिँ मैदानमा उत्रेका छैनन् । सत्तापक्ष र प्रतिपक्षबीच संसददेखि सडक र मिडियादेखि सामाजिक सञ्जालसम्ममा 'वाक् युद्ध' चलेको छ । तर, सत्तारुढ नेकपाका शीर्ष नेताहरूको चाहिँ यी मुद्दाहरूमाथि गजबको मौनता छ । प्रधानमन्त्रीको सङ्केत पनि यसैतर्फ थियो । राष्ट्रिय महत्वका र देशलाई ध्रुवीकरणको दिशामा लैजाने घटनाक्रमहरूमाथि नेकपाका अर्का अध्यक्ष प्रचण्डको मौनतालाई आश्चर्यजनकरूपमा हेरिएको छ । चौतर्फी सरकारको आलोचना हुँदा पनि प्रचण्ड त्यसको प्रतिवादमा उत्रिएका छैनन् । हरेक साना-साना विषयमा अभिव्यक्ति दिन रुचाउने प्रचण्डको यो मौनता केही दीर्घकालीन रणनीतिमा आधारित पनि हुन सक्छ । प्रचण्डले एक पत्रिकालाई दिएको अन्तर्वार्तामा सरकारका काम कारवाहीबारे सन्तुष्ट नरहेको बताएका थिए । आफू नबोले पनि प्रचण्डले सरकारको कामबारे चासो चाहिँ राखेका छन् । उनले ऊर्जा जलश्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मात्रिका यादव, बन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतलाई आफ्नो निवास खुमलटारमा बोलाएर सरकारको कामकारवाहीबारे 'ब्रिफिङ' लिएका थिए । मन्त्रीहरू प्रचारमा मात्रै रमाएको र जनताको पक्षमा काम गर्न नसकेको गुनासोपछि प्रचण्डले भेट थालेका हुन् । सरकारको बचाउमा बोल्ने आधारहरू नभएको भन्दै नेताहरूले प्रधानमन्त्रीसँग गुनासो राखेका छन् । प्रधानमन्त्री ओलीले प्रचण्ड, माधव नेपाल, विष्णु पौडेललगायतका नेताहरूलाई सरकारको बचाउमा बोल्न आग्रह नै गरे । त्यसपछि चितवन गएर प्रचण्डले थोरै बोलेका छन् । असार २९ गते प्रचण्ड चितवनमा थिए । त्यहाँ उनले नेपालमा पछिल्ला दिनमा राजनीतिक उपलब्धिलाई सेबोटेज गर्ने षड्यन्त्र भइरहेको बताए । शारदा स्मृति प्रतिष्ठान र जनसांस्कृतिक महासङ्घ चितवनले आयोजना कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले भनेका थिए, 'समृद्धि र समाजवादको बाटोमा अघि बढ्ने क्रममा विकास निर्माणका कामहरू हुन लागेको देखेर सरकारलाई असफल बनाउने प्रयास भइरहेको छ । कहिले के कहिले के घटनालाई उछालेर राजनीतिक उपलब्धिलाई सबोटेज गर्ने षड्यन्त्र भइरहेको छ ।' जनताको लोकप्रिय मतद्वारा दुई तिहाईको शक्तिशाली कम्युनिस्ट सरकार बनेपछि पुँजीवादीहरू आत्तिएर षड्यन्त्रमा जुटेको उनको आरोप थियो । 'नेपालमा कम्युनिस्टहरू दुई तिहाईको अवस्थामा आउनु पुँजीवादीहरूलाई आश्चर्यको विषय भएको छ', प्रचण्डले भनेका थिए, 'उनीहरू आत्तिएका छन् ।' यसको दुई दिनपछि प्रचण्डले एकीकृत पार्टी केही समस्या रहेको स्वीकार्दै त्यसलाई सच्याउँदै लगिने बताए । पार्टीलाई कमजोर बनाउन केही शक्तिले चलखेल गरिरहेको उल्लेख गर्दै त्यसबाट सचेत हुन पनि नेता, कार्यकर्तालाई प्रचण्डले आह्वान गरे । तर विपक्षी काँग्रेसले उठाएका मुद्दा, राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, सरकारको कामकारवाही, प्रधानमन्त्रीले बाँडेका सपना र महँगीजस्ता विषयमा चाहिँ प्रचण्डले केही बोलेनन् ।*

# सलमानलाई ननचाउँदा गुरुङ थुनामा

*काठमाडौं । भारतीय कलाकार सलमान खानलाई टुँडिखेलमा नचाउने भन्दै करोडौं रुपियाँको टिकट बेचेर ठगी गरेको आरोपमा ओडिसी इन्टरटेनमेन्टका सञ्चालक सिमान्त गुरुङ पक्राउ परेका छन् । केही महिनाअघि गोर्खा ब्रुअरीको योजनामा सलमानलाई नेपालमा ल्याएर टुँडिखेलमा नचाउने भन्दै टिकट विक्री गरे पनि त्यसो नगरिएको भन्दै उनीविरुद्ध उजुरी परेको थियो । सोही उजुरीको आधारमा गुरुङलाई पक्राउ गरी कानूनी कारबाही प्रक्रिया अढि बढाइएको हो ।*

*आयोजकले दबाङ द टुरबाहेकको टिकट बिक्रीबाहेक सलमानलाई देखाउँदै व्यापकरुपमा बाहिर पनि रकम अशुल गरेको जानकारी पाएपछि सलमानले अन्तिम समयमा भ्रमण स्थगित गरेका थिए । सोही समयमा नेत्रविक्रम चन्द नेतृत्वको माओवादीले पनि सलमानको कार्यक्रमलाई अवरुद्ध गर्ने चेतावनी दिएपछि सलमानलाई आफ्नो भ्रमण स्थगित गर्न सहज भएको थियो । गोर्खा ब्रुअरीले आफ्नो टुबोर्ग ब्राण्डको बियरको प्रवर्द्धनका लागि सलमानलाई ल्याउने तयारी गरेको थियो । तर, आयोजकले सलमानलाई चन्द्रगिरी केवलकारको प्रचारका लागि चन्द्रगिरी घुमाउने भन्दै आइएमइ ग्रुपबाट र होटलहरुको प्रचारका लागि भन्दै पोखराका केही होटलसँग करोडौं रुपियाँ अशुल गरेको आरोप पनि लागेको छ । सलमानको कार्यक्रम स्थगित भएपछि पनि आयोजक ओडिसीले पुनः कार्यक्रम आयोजना गर्ने भन्दै टिकट खरिदकर्ताहरुलाई ढाँट्दै आएको छ । तीनदेखि २० हजार रुपियाँसम्मका महंगा टिकटको पैसा फिर्ता नदिएपछि गुरुङलाई पक्राउ गरिए पनि मुख्य आयोजक गोर्खा ब्रुअरीका सञ्चालकहरुलाई भने पक्राउ नगरिएको प्रति पीडितहरु आश्चर्यचकित भएका छन् । प्रहरीले गुरुङविरुद्ध ठगी मुद्दा अघि बढाएको जनाएको छ ।*

# हिन्दूराष्ट्रको लागि संघर्ष

*काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टीले आगामी फागुन ७ गतेदेखि हिन्दू राष्ट्र पुनर्स्थापनाका लागि निणार्यक संघर्ष गर्ने घोषणा गरेको छ । राप्रपाले आयोजना गरेको हिन्दू राष्ट्र पुनर्स्थापना जनजागरण अभियानको उद्घाटन गर्दै राप्रपाका अध्यक्ष कमल थापाले देशव्यापी जागरण अभियान सञ्चालन गर्ने र फागुन ७ गतेदेखि निणार्यक आन्दोलन गर्ने घोषणा गरे । अध्यक्ष थापाले आफूहरुको आन्दोलनअघि नै संविधान संशोधनमार्फत धर्म निरपेक्ष हटाउन सरकारलाई आग्रहसमेत गरेका छन् । हिन्दू राष्ट्र स्थापनाका लागि आन्दोलन गर्न आवश्यक परे पार्टी र झण्डा प्रयोग नगरी स्वतन्त्र आन्दोलन गर्न पनि तयार रहेको उनले बताएका छन् । थापाले संविधानमा लेखिए पनि नलेखिए पनि नेपाल हिन्दू राष्ट्र नै रहेको भन्दै जनताको चाहना नहुँदानहुँदै स्वार्थी राजनीतिको कारण विदेशीको इशारामा हिन्दू राज्य हटाएको दाबी गरे ।*

Chief-Editor/Publisher : **Koushal K. Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel**
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-4267064, Email : **nayabimarsha@gmail.com,** Press :- Dhimle Offset Press, Kathmandu .